वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, स्टरिङ कार्पेन्ट्री, आर्क वेल्डिङ, क्लिभर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

वरिष्ठ सेफ श्याम दाहालद्वारा संचालित
श्याम दाहाल क्याटरिङ सर्भिस
रानीपौवा, पोखरा-११
फोन:०६१-५२०४७२, ४८५६०२५४८७२,४८१३७५४२७७

हाम्रा सेवाहरू : शुभ विवाह, व्रतबन्ध, अन्नप्राशन, जन्मोत्सव आदि पार्टीका लागि आउटडोर, इन्डोर, हाफ वा फुल क्याटरिङको उत्कृष्ट सेवाका साथै लाइट र जेनेरेटर चाहिएमा पनि हामीलाई सम्झनुहोस् ।

○वर्ष ८ ○अंक २०७ ○श्रेणी 'क' ○२०७३ वैशाख २६ गते आइतबार ○8 May 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

## कास्की क्षेत्र नं. ३ मा 'कांग्रेसले गर्नुपर्छ ?' अन्तर्क्रिया

# कांग्रेस जनतासमक्ष जोडिनुपर्छ–लेखक

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २५ वैशाख ।**

कांग्रेसका केन्द्रीय सदस्य एवं सांसद रमेश लेखकलाई उपहारस्वरुप कांग्रेसको झण्डा अंकित टिसर्ट प्रदान गर्दै क्षेत्रीय सभापति विजयराज आचार्य । तस्वीर : गोल्डेन न्यूज टिकाक

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सांसद रमेश लेखकले कांग्रेसका नेता कार्यकर्ताहरु जनतासमक्ष जोडिनुपर्नेमा जोड दिएका छन् । जनतासंग जोडिनका लागि सम्पर्क बलियो बनाउनुपर्ने, सम्बन्ध कायम गर्नुपर्ने र सेवा दिनुपर्ने खोंची रहेको बताउँदै उनले कांग्रेस जनतासंग नजोडिए जनता र राष्ट्रको हितका लागि रचनात्मक काम गर्न समेत नसक्ने स्पष्ट पारे ।

नेपाली कांग्रेस कास्की क्षेत्र नं. ३ ले पोखरामा आयोजना गरेको 'कांग्रेसले के गर्नुपर्छ ?' विषयक अन्तर्क्रिया कार्यक्रममा बोल्दै नेता लेखकले पार्टीका नेताहरु कार्यकर्ता समक्ष र कार्यकर्ताहरु जनता समक्ष जाने वातावरण तयार गर्न सबै इकाइहरु लाग्नुपर्नेमा जोड दिए ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बनेको ६ महिना बितेको र ओली नेतृत्वको सरकार आफैमात्र असफल नभएर देशलाई नै असफलतातर्फ लैजाँदै गरेको भन्दै उनले मुलुकमा विभिन्न क्षेत्रबाट उत्पन्न असन्तुष्टिलाई सम्बोधन गर्न र संविधान कार्यान्वयन गर्न गर्नतर्फ कुनै काम गर्न नसकेको आरोप लगाए ।

कांग्रेस नेता लेखकले ओली नेतृत्वको सरकारले कालोबजारी गर्नेहरुलाई सजाय घटाउने गरि ऐन संशोधन गरेको भन्दै विगतमा कालोबजारी गर्नेले १० वर्ष जेल सजाय पाउने व्यवस्था रहेकोमा अहिले त्यसलाई घटाएर १ वर्ष कायम गरिएको भन्दै आपत्ति जनाए ।

पछिल्लो पटक एमाओवादी अध्यक्ष प्रचण्डले कांग्रेसमाथि आएर ओली नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता गर्छौं भनेपछि समस्याहरुको समाधानका लागि पार्टी पंक्तिलाई सक्रिय तुल्याउने, पार्टीका नेता कार्यकर्तालाई सम्मान गर्ने परम्परा शुरु गर्ने र सरकारले गरेका भ्रष्टाचार र कालोबजारी जस्ता जनविरोधी कामको बारेमा आम जनतालाई जानकारी गराउने लगायतका दँडाहर उल्लेख छन् ।

यसैगरी भातृसंस्थाहरुलाई चुस्तदुरुस्त बनाउने, ज्येष्ठ राजनीतिज्ञ सभा बनाउने, पूर्व कर्मचारी संघ बनाउने, कार्यकर्ताहरुका लागि शिपमूलक तथा आयमूलक कार्यक्रम संचालन गरिने र कांग्रेसलाई अन्य पार्टी भन्दा किन उत्तम छ ? भन्ने विषयमा जनतालाई सूसूचित गराउने लगायतका बुंदा कार्यपत्रमा सभापति आचार्यले उल्लेख गरेका छन् । विभिन्न शिपमूलक तालिम तथा प्रशिक्षण र गोष्ठीका लागि देवराज चालिसे संयोजक तथा नम्रता बराल, सुवास सिग्देल, जनपुकार मुनाकर्मी र पशुपति शर्मा सदस्य रहेको स्कूल विभाग तथा विभिन्न विकास निर्माणका आयोजना छनौट र सिफारिसका लागि केशर निर्दोषी संयोजक र रामजी कोइराला संयोजक रहेको विकास समिति गठन गरिएको सभापति आचार्यले बताए । कार्यक्रममा पार्टीका पूर्व क्षेत्रीय सभापतिहरु विश्व सिग्देल, निर्मल कर्माचार्य, रामजी कुँवर, विरेन्द्रनारायण विजुक्छे, शोभाचन्द्र बरतन र कृष्ण प्रसाद पराजुली (मरणोपरान्त) सम्मान गरिएको थियो ।

उक्त अवसरमा सांसद सारदा पौडेल, पार्टीका क्षेत्रीय उपसभापति ध्रुवबहादुर रायमाझी र पूर्व सभापतिकोतर्फबाट विश्व सिग्देल र सचिव दीपेन्द्र मसांनी लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

कार्यक्रममा नेविसंघका सुवास कोइराला, महाधिवेशन प्रतिनिधिहरु रामजी कुँवर, डा. राचन्द्र पोखरेल, शोभियतबहादुर अधिकारी, दुर्गाबहादुर सुनारका साथै नविन बराल, दिनेश आचार्य, गोपाल पौडेल, डार्विन लम्साल, गोविन्द अधिकारी, रघु अधिकारी, सरोज अधिकारी र होमबहादुर लामिछाने लगायतले संगठन विस्तारका लागि विभिन्न सुझाव दिएका थिए ।

## इलेक्ट्रिसियनले विद्युत खपत र जोखिमको न्यूनिकरणमा ध्यान दिनुपर्छ–पराजुली

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २५ वैशाख ।**

पोखरा इलेक्ट्रिसियन क्लवद्वारा प्रकाशित चौमासिक प्राविधिक पत्रिका टेक्नो जर्नल एक कार्यक्रमकासाथ शनिवार बिभिन्न गरिएको छ । इलेक्ट्रिसियन अन्तर्गत विभिन्न प्राविधिक विषय समेटेर प्रकाशन गरिएको जर्नल प्रत्येक ४ महिनामा प्रकाशन हुनेछ ।

पत्रिकाको विमोचन राष्ट्रिय समाचार समितिका सञ्चालक सदस्य गंगाधर पराजुली र पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दुकुमार थापाले संयुक्त रुपमा गरेका थिए । उक्त अवसरमा बोर्दै प्रमुख अतिथि समेत रहेका पराजुलीले इलेक्ट्रिसियन अन्तर्गत विभिन्न प्राविधिक विषय समेटेर प्रकाशन गरिएको जर्नल यस क्षेत्रमा सम्बद्ध सबैका लागि बहुउपयोगी हुने बताए । उनले स्वदेशी पुँजी, स्वदेशी जनशक्तिमाफत स्वदेशी रासलका लागि इलेक्ट्रिसियन क्लवले गर्दै आएको प्रयासप्रति प्रशंसा गर्दै उद्योग वाणिज्य संघ जस्ता व्यवसायिक संस्थाले प्लम्बिङ्, फर्निचर सम्बन्धी काममा दक्ष जनशक्ति उत्पादन गरि स्वदेशी जनशक्तिलाई आत्मनिर्भर बनाउन लागुपर्नेमा जोड दिए । जुनसुकै काम गर्दा पनि विद्युत शक्ति आवश्यक पर्ने र राष्ट्रको विकासका लागि महत्वपूर्ण शक्ति विद्युत भएको चर्चा गर्दै उनले इलेक्ट्रिसियनहरुले जोखिम कम हुने र विद्युत खपत कम हुने किसिमले काम गर्न सके देशका लागि नै फाइदा पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा विशेष अतिथि पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दुकुमार थापाले पेशागत दक्षता अभिवृद्धिका साथै पेशागत सूचना र सन्देश प्रवाहका लागि पत्रिका अत्यन्त महत्वपूर्ण हुने विश्वास व्यक्त गरे । क्लबका अध्यक्ष नरेन्द्र कुमार श्रेष्ठले इलेक्ट्रिसियन क्षेत्रमा आएका नविनतम प्राविधि लगायतका विषयवस्तु पत्रिका मार्फत जानकारी गराउने बताए । कार्यक्रममा पोखरा उप-महानगरपालिका कार्यालयका निमित्त कार्यकारी अधिकृत ओमराज पौडेल, पश्चिमाञ्चल इन्जिनियरिङ्ग व्यापमसका इलेक्ट्रिकल डिपार्टमेन्ट प्रमुख डा. वसन्त गौतम, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मीप्रसाद विपाठी, संघका पूर्व अध्यक्ष बाबुराम गिरी, रेडियो सगरकोटका कार्यकारी निर्देशक कृष्ण थापा, इलेक्ट्रिकल्स एशोसिएशनका अध्यक्ष प्रेमबहादुर जि.सी., पत्रिका प्रकाशन कमिटीका संयोजक ई. राजेन्द्र ढकाल, स्वतन्त्र पत्रकार संघका महासचिव कमल पौडेल अथक लगायतले पत्रिकालाई अनुसन्धान ढाताका लागि पनि उपयोगी हुने किसिमको बनाउन सुझाव दिएका थिए ।

## पोखरा बहुमुखीको अध्यक्षमा तीनको नाम प्रस्ताव

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २५ वैशाख ।**

पोखरा बहुमुखी क्याम्पसको शनिवार पाचौं सभा सम्पन्न भएको छ । सभाले आगामी तिनवर्षे कार्यकालका लागि क्याम्पस सचालन समिति अध्यक्षमा एकजनालाई अध्यक्षमा अनुमोदन गर्नेछ । सभाले कोषाध्यक्षमा जगत केसी र अन्य दुई सदस्यहरुमा नरेन्द्रमान लालचन र मुना वास्तोलालाई सर्वसम्मत रुपमा निर्वाचित गरेको छ । शनिवार भएको सभाले क्याम्पस प्रमुख सुनील मसींको प्रतिवेदन सशोधन सहित पारित गर्दै क्याम्पस नियमावलीमा समय अनुकूल संशोधन गर्न पूर्व क्याम्पस प्रमुखको अध्यक्षतामा तीन सदस्यीय समिति गठन गर्ने निर्णय पनि गरेको छ ।

प्रस्ताव गरेको छ । सभाले विष्णुप्रसाद वास्तोला, कपिलनाथ कोइराला र भीम गौतमको नाम अध्यक्षका लागि प्रस्ताव गरेको हो । त्रिभुवन विश्वविद्यालयले तीनमध्ये एकजनालाई अध्यक्षमा अनुमोदन गर्नेछ । सभाले कोषाध्यक्षमा जगत केसी र अन्य दुई सदस्यहरुमा नरेन्द्रमान लालचन र मुना वास्तोलालाई सर्वसम्मत रुपमा निर्वाचित गरेको छ । शनिवार भएको सभाले क्याम्पस प्रमुख सुनील मसींको प्रतिवेदन सशोधन सहित पारित गर्दै क्याम्पस नियमावलीमा समय अनुकूल संशोधन गर्न पूर्व क्याम्पस प्रमुखको अध्यक्षतामा तीन सदस्यीय समिति गठन गर्ने निर्णय पनि गरेको छ ।

सभाका प्रमुख अतिथि शिक्षाविद् गणेशबहादुर गुरुङले क्याम्पसले शिक्षा क्षेत्रमा पुऱ्याएको योगदान बिसंन नसकिने बताए । क्याम्पस सचालनको सुरुका दिन निर्के मेहनत गर्नुपरेको उनले बताए ।

कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष विष्णु वास्तोलाले क्याम्पसको शैक्षिक एवं प्रसाशनिक प्रगतिको लागि सबैले हातेमालो गरि अगाडि बढ्नुपर्ने बताए । समारोहमा प्राध्यापक संघका सुनील मसींको प्रतिवेदन सशोधन सहित पारित गर्दै क्याम्पस सचालनको सुरुका दिन निर्के मेहनत गर्नुपरेको उनले बताए ।

कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष विष्णु वास्तोलाले क्याम्पसको शैक्षिक एवं प्रसाशनिक प्रगतिको लागि सबैले हातेमालो गरि अगाडि बढ्नुपर्ने बताए । समारोहमा प्राध्यापक संघका सुनील मसींको प्रतिवेदन सशोधन सहित पारित गर्दै क्याम्पस प्रमुख

## रासको भूमिका समयसापेक्ष प्रभावकारी हुनुपर्नेमा जोड

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २५ वैशाख ।**

राष्ट्रिय पत्रकारिता दिवसका अवसरमा राष्ट्रिय समाचार समिति पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराद्वारा शनिवार पोखरामा आयोजित एक अन्तर्कियामा समय सापेक्ष रासको प्रभावकारी भूमिका आवश्यक भएकोमा जोड दिइएको छ । 'सङ्घीय प्रदेश अन्तर्गत रासको भूमिका' विषयक कार्यक्रममा बोल्ने वक्ताहरूले रासबाट प्राप्त हुने समाचार सत्य तथ्य हुने जनअपेक्षा एवं विश्वासलाई कायमै राख्दै अझै प्रभावकारी समाचार प्रवाहलाई उच्च प्राथमिकता दिइनुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा सह-क्षेत्रीय प्रशासक दिवाकर वास्तोलाले रासको सेवालाई अझै प्रभावकारी बनाउन स्रोत साधनलाई थप व्यवस्थित गर्दै लैजानुपर्नेमा जोड दिए । सञ्चारकर्मीले सकारात्मक सोचका साथ समाचार सम्प्रेषण गर्नु आवश्यक भएको भन्दै उनले त्यसबाट समाजलाई सद्दाचार र विकासका मार्गमा उन्मुख गराउन सकिने बताए । रासले प्रदान गर्ने समाचार सत्यतथ्य र विश्वसनीय हुनुपर्नेमा जोड दिँदै उनले समय सापेक्ष दक्षता प्राप्त जनशक्ति परिचालन गरिनुपर्ने बताए ।

रासस सञ्चालक समितिका सदस्य एवम् कार्यक्रमका सभापति गंगाधर पराजुलीले रासको सेवालाई थप प्रभावकारी र गुणस्तरीय बनाउन पहल भैरहेको बताए । उनले समयको मागलाई दृष्टिगत गरी रासको समाचार सेवालाई तल्लोतहसम्म पुऱ्याउन, आर्थिक दृष्टिकोणले आत्मनिर्भर र भौतिक दृष्टिकोणले सुविधासम्पन्न बनाउन प्रयास गरिएको जानकारी दिए । सत्य तथ्य र विश्वसनीय समाचार सम्पेषणलाई उच्च प्राथमिकतामा राख्दै आगामी दिनमा रासमलाई थप प्रभावकारी बनाउन लागिएको उनले स्पष्ट पारे ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रुद्र भुसले रासमलाई साधन स्रोत सम्पन्न बनाउन उपलब्ध आन्तरिक स्रोतको अधिकतम उपयोग गर्नुपर्नेमा जोड दिए । उनले रासमसे आफ्नो कार्यक्षेत्र अन्तर्गत विभिन्न सम्भावनाहरुको खोजी गर्दै त्यस क्षेत्रको विकासका लागि सरकार र नागरिकले गर्नुपर्ने दायित्वका बारेमा समाचार प्रवाह गर्न आग्रह गरे । नेपाल पत्रकार महासंघका कन्द्रीय सदस्य शुम्भा पौडेलले संघीय प्रदेशमा रासको भूमिका महत्वपूर्ण हुने भन्दै सरकार परिवर्तन सँगै रासमसा सञ्चारकर्मी परिवर्तन हुने प्रवृतिले यस संस्थालाई प्रभावित पार्ने गरेको बताइन ।

नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष रामकृष्ण ज्ञवालीले रासमलाई कार्यकर्ताको योग्यता र क्षमताका आधारमा जनशक्ति छनोट गरी गुणस्तरीय सेवा प्रदान गर्नुपर्ने बताए ।

नेपाल पत्रकार महासंघ कास्कीका पूर्व सभापति पुष्प पौडेलले रासको समाचार उल्लेख गर्ने तर स्रोत नखुलाउने प्रवृत्ति बढीरहेको बताउँदै यसलाई नियन्त्रण गर्नुपर्नेमा जोड दिए । रासमसे आफ्नो सम्पत्ति सङ्घयोग गरेमा यो आत्मनिर्भरतातर्फ उन्मुख हुने उनले बताए ।

बोडकार्स्टिड एशोसिएसन अफ नेपाल(बान) का सचिव दुर्गा अधिकारीले रासमसा राजनीति आस्थाका आधारमा कर्मचारी नियुक्ति गर्ने प्रवृत्तिले यसको गुणस्तरीयतामा कमी आउने बताउँदै योग्यता र क्षमताका आधारमा जनशक्ति छनौट गरिनुपर्नेमा जोड दिए। रेडियो नेपाल क्षेत्रीय प्रशारण केन्द्र पोखराका प्रमुख उदयकृष्ण श्रेष्ठले रेडियो नेपालले रासमको समाचारलाई आधिकारिक स्रोतका रुपमा लिने गरेको उल्लेख गर्दै यसको विश्वसनीयता कायम गर्न रासमकमीको भूमिका महत्वपूर्ण हुने बताए । क्षेत्रीय संचार केन्द्र कार्यालय पोखराका प्रमुख रामप्रसाद तिमल्सिनाले संघीय मोडेलमा रासमलाई दक्ष एवम् अत्याधुनिक प्रविधिले युक्त बनाइनुपर्नेमा जोड दिए । अनलाइन पत्रकार संघ गण्डकी अञ्चलका संयोजक रामजी लम्सालले रासमलाई आत्मनिर्भरता को बाटोमा लैजानका लागि उपलब्ध साधन स्रोतको उचित परिचालन गर्नुपर्ने बताए । पछिल्लो विर्कासित प्रविधि अनुसार रासमको सेवा मोवाइल बाटै हेर्न सकिने बनाइनुपर्नेमा उनको जोड थियो ।

नेपाल प्रेस युनियन कास्कीका उपाध्यक्ष माधव रेग्मीले आम नागरिकलाई पनि सहज रुपमा रासमको समाचार प्राप्त गर्न अवस्थाको सिर्जना गरिनुपर्ने बताए । स्वतन्त्र पत्रकार संघ, नेपालका महासचिव कमल पौडेल अथकले सत्य तथ्य र विश्वसनीय समाचार रासमबाट अपेक्षा गरिने बताउँदै त्यस तर्फ रासमले आफूलाई केन्द्रित हुनुपर्नेमा जोड दिए । नेपाल पत्रकार महासंघ तनहुँका पूर्व सभापति विश्वबन्धु भण्डारीले पछिल्लो समयमा रासमले आफूलाई सुधार गर्दै लगेको बताए ।

कार्यक्रममा प्रेस स्वतन्त्रता सेनानी एवं नेपाल पत्रकार महासंघ कास्कीका पूर्व सभापति वद्रीविनोद प्रतीक, प्रेस चौतारीका केन्द्रीय उपाध्यक्ष शान्ति गुरुङ, रिपोर्टस क्लव कास्कीका अध्यक्ष वासुदेव मिश्र, नेपाल पत्रकार महासंघ कास्कीका पूर्व सचिव दीपेन्द्र श्रेष्ठ, प्रेस युनियन कास्कीका सचिव प्रकाशचन्द्र सापकोटा लगायतको सहभागिता रहेको रासमका वासु पौडेलले गोल्डेन न्यूज टेलिकलाई बताए ।

## पोखराको ट्राफिक व्यवस्थापनमा छिट्टै सुधार आउँछ–अधिकारी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २५ वैशाख ।**

ट्राफिक प्रहरी कार्यालय कास्कीका नवनियुक्त प्रमुख प्रहरी निरीक्षक विश्वराज अधिकारीले पोखराको ट्राफिक व्यवस्थापनमा छिट्टै सुधारको संकेत देख्न पाइने बताएका छन् । शनिवार पत्रकार माझ उनले ट्राफिक व्यवस्थापनको लागि विशेष योजनानै बनाएर अघि बढ्ने बताए । उनले भने-'केहि समयपछि पोखराको ट्राफिक व्यवस्थापनका सुधारको संकेत देख्न पाउनुहुनेछ' ट्राफिक व्यवस्थापनको लागि सरोकारवाला सबै निकायसँग समन्वय गरी अघि बढ्ने उनले प्रतिवद्धता जनाए ।

तत्कालका लागि ट्राफिक नियम कार्यान्वयनमा जोड दिने उनको कार्ययोजना छ । ट्राफिक सचेतना कार्यक्रम, पार्किङ व्यवस्थापन, ट्राफिक प्रहरीलाई प्रविधिमैत्री बनाउँदै स्रोत साधन सम्पन्न बनाउनमा जोड दिने अधिकारीले बताए । कार्यक्रममा उपस्थित पत्रकारहरुले पोखराको ट्राफिक व्यवस्थापन पछिल्लो समय चुनौतिको रुपमा रहेकाले सोहि अनुसार विशेष कार्ययोजना बनाएर अघि बढ्न सल्लाह दिएका छन् । पत्रकार दिपेन्द्र श्रेष्ठले ट्राफिक व्यवस्थापनको लागि विशेष कार्ययोजना बनाए नागरिक समाज र पत्रकार सरोकारको लागि त्यस रहँको बताए । उपस्थित पत्रकारहरुले सार्वजनिक सवारीले बढी भाडा असुल गरेको, गाडीहरु अनियन्त्रित रुपमा सञ्चालन हुने गरेको, क्षमता भन्दा बढी यात्रु राख्ने,

*बाँकी अन्तिम पृष्ठमा.....*

■ मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन ।
- *महाकवि लक्ष्मीप्रसाद देवकोटा*

## सम्पादकीय ...

# सरकारको भविष्य

एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पदल सरकारबाट अलग हुने भनी पाटीबाट निर्णय गराएको भोलिपल्टै उक्त निर्णयविरूद्ध प्रधानमन्त्री केपी शर्मा ओलीका लागि सत्ताको रक्षाकवच बन्ने घोषणा गरेका छन् । आफू र आफ्नो पार्टीको निकै महत्वपूर्ण मानिएको उक्त राजनीतिक प्रस्तावमाथि कुल्चिएर पुष्पदले ओलीलाई नै चुंदे सहमतिमा हस्ताक्षर गराएपछि ढल्ने लागेको वर्तमान सरकारले सञ्जीवनी प्राप्त गरेको हो । नेपाली कांग्रेसबाट प्रधानमन्त्री बन्न आएको अफरलाई समेत लत्याएर अध्यक्ष पुष्पदले लिएको यो निर्णय देश र जनताको पक्षमा कति लाभदायक हुन सक्छ ? भन्ने कुरा थाहा पाउन भने केही समय प्रतीक्षा गर्नैपर्ने हुन्छ । राजनीतिमा जे कुरा पनि सम्भव हुन्छ भन्ने भनाइलाई यो घटनाले राम्रोसँग पुष्टि गरेको छ । ओली नेतृत्वको सरकार क्रमशः गतिहीन र लाचार बन्दै गएको कारण नेपाली कांग्रेसले त्यसको विकल्प खोजेको थियो । विकल्पको खोजी गर्नैक्रममा बरू पुष्पण्डलाई नै एक मौका दिएर हेर्दै भन्ने सोच बनाएर कांग्रेसले पुष्पण्डलाई प्रधानमन्त्री बन्न प्रस्ताव गरेको हो । नहुनु मामाभन्दा कानु मामा निको भन्ने नेपाली उखानलाई सम्झँदै नेपाली कांग्रेस यस्तो निर्णय लिन बाध्य भएको थियो । तर, पहिलो सोचिर गरेको प्रस्तावलाई २४ घन्टाभित्रै लत्याएर पुष्पडले आफ्नो राजनीतिक सहयात्री दल नेपाली कांग्रेसको मन अवश्य पनि दुखाएको छ । ओलीको विकल्पमा ओलीलाई नै पुष्पडले रोजेका कारण एमाओवादी पार्टीभित्र निकै असन्तुष्टिका स्वरहरु गुन्जिएका छन् । परिवर्तन चाहनेहरुको मुखमा आँहले बुजो लगाइएको छ र पुष्पडको प्रतिष्ठा बाहिर र आफै पार्टीभित्र पनि खस्किएको अनुभव गरिएको छ । यौटा असफल र भिजन नभएको व्यक्तिलाई यसरी पुनर्जीवन दिएर पुष्पडले नेपाली जनताको मन पनि दुखाएका छन् । खासगरी, भूकम्पपीडित वस्तीहरुमा प्रशस्त पैसा संकलन हुँदाहुँदै पनि एक वर्ष नाघ्दासम्म देखिने खालको कुनै काम गर्न सकेनन् । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीको यो ठूलो असफलता मान्नुपर्छ । जनताको प्रतिनिधि बनेको सरकारले पीडामा परेका आफ्ना नागरिकको आँशु पुछ्न नसक्नु आफैंमा ठूलो कमजोरी र गैरजिम्मेवारीपन मान्नुपर्ने हुन्छ । त्यसबाहेक अभाव, कालोबजारी, भ्रष्टाचार र बेरोजगारीका अग्ला-अग्ला पहाडहरुले प्रधानमन्त्री ओलीको छविलाई ढाकिसकेको थियो । यस्तो अवस्थामा उनको विकल्पको खोजी गर्नु आफैंमा एक सहज प्रक्रिया थियो । तर, एमाओवादी अध्यक्ष पुष्पडले आफूले पाएको प्रधानमन्त्री पदको अफरसमेत लत्याएर यौटा लाचार छायाँ वनिसकेको व्यक्तिलाई कांध थापेर अवश्य पनि रास्रो काम गरेका छैनन् । यो घटनालाई भविष्यमा विकसित हुँदै जाने प्रत्युत्पादक राजनीतिक घटनाक्रमहरुले समेत पुष्टि गर्ने अपेक्षा गरिएको छ ।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल वैशाख २६ गते आइतबार, तदनुसार मिति ७ सन् २०१६, श्रीशार्के १९३७, नेपाल संवत् ११३६, सौम्यनामक संवत्सर:, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् वसन्त ऋतु चलिरहेको छ । चान्द्रमास अनुसार वैशाखशुक्लपक्ष द्वितीया तिथि अहोरात्र रहनेछ आज सूर्य मेष राशिमा,चन्द्रमा वृष राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३३ घटि १६ पलाको रहनेछ आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर २२ मिनेटमा रौद्र मूहर्तमा हुनेछ भने सूर्यास्त साझ ६ बजेर ४० मिनेटमा हुनेछ**

### आजको राशिफल

**मेष** : आरोग्यता, प्रशन्नता, आर्थिक पक्ष सवल रहने, मिष्टान्न भोजन प्राप्ति, नवीन कार्यको थालनी गर्दा राम्रो हुनेछ ।

**वृष** : परिवारसँग विवाद पर्नेछ, व्यापारीक क्षेत्रमा मन्दी आउनाले नोक्सान बढ्न जानेछ, समय खराब छ ।

**मिथुन** : आम्दानी बढ्ने, शत्रुमाथि विजयी हुने, अधुरा कार्य आज पूरा, पुराना मित्रसंग भेटघाटको अवसर मिल्नेछ ।

**कर्कट** : एकासी आँखामा खरायी आउन सक्ने, धनमाल चोरी हुन सक्नेछ, आफूले गरेको कार्यमा विरोधी बढ्नेछन् ।

**सिंह** : स्वास्थ्य राम्रो रहनेछ, आदर सत्कार पाइने कार्यमा सरिक हुन पाइने, पारिवारिक सहयोग पाइने, प्रेम प्रसंग समधुर ।

**कन्या** : टाढावाट धन प्राप्ति हुन सक्नेछ, नयाँठाउँको भ्रमण गर्दा मनमा आनन्द, राजनीतिक सक्रियता बढ्नेछ ।

**तुला** : गरेको सवै कार्यमा बाधा हुने, मानसिक अशान्ति, यात्रामा कठिनाई हुने, चिन्तापर्ने समाचार प्राप्त हुनेछ ।

**वृश्चिक** : एकासी नयाँ वस्तु फेला पर्ने, उत्कृष्ट सरकारी सम्मान पाउन सकिने, शैक्षिक क्षेत्रवाट उत्कृष्ट नतिजा हासिल ।

**धनु** : साथी संगीहरुसंग कलह, पेट वा कम्मरको रोग लाग्ने, मनपरेको खानामा अवरोध आउनेछ, दिन खराव छ ।

**मकर** : गरेका कार्य अधुरा हुनेछन्, यात्रा तथा कार्यमा बाधा, आफ्नो वारेमा आफ्नतलेनै कुरा काट्ने छन् ।

**कुम्भ** : विद्यामा प्रगति हुनेछ, प्रेम प्रसङ्ग सफल रहनेछ, यात्रा फलदायी, आर्थिक वृद्धि हुन सक्ने, दिन शुभ छ ।

**मीन** : आफन्तको टकरावले दिनभर तनाव, पेशाप्रति असन्तुष्टि, आम्दानीमा गिरावट, अनावश्यक झमेला थपिनेछ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७६९**

# अख्तियारको कार्बाहीबारे मेरो भन्नु


⇘कनकमणि दीक्षित

२० वैशाख, २०७३ मा सम्मानित सर्वोच्च अदालतको निर्णयबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अदुअ)ले १० वैशाखदेखि गरेको थुनाबाट मुक्त भई २३ वैशाखमा स्वास्थ्या साझी कैदी सुधार भई वीर अस्पतालबाट घर फर्किएपछि यो वक्तव्य सार्वजनिक गर्दैछु ।

१) मलाई अदुअले साझा यातायातकी अध्यक्षको नातालै सार्वजनिक पद धारण गरेको व्यक्ति भन्दै कारवाही चलाएकोमा कानूनी रूपमा साझा एक स्वायत्त सहकारी संस्था हो, जुन मेरो वुझाइमा अदुअको क्षेत्राधिकार र अख्तियारको सीमाभित्र पर्दैन। यस सहकारी संस्थामा नेपाल सरकारका विभिन्न निकाय, काठमाडौं महानगरपालिका तथा आम नागरिकको शेयर रहेको छ र वस्माथि नियमन र निगरानी अदुअले गर्न पाउने हो भने यसको पुनः सरकारीकरण र राजनीतीकरण हुने निश्चित छ, यस क्रियाकलापको परिणति नयाँ संविधानद्वारा संरक्षित वहत् सहकारी अभियानलाई समेत असर पार्नेछ। साथै हालै पुनःजीवित साझा यातायातलाई अख्तियारको कार्वाहीले मुलुकमा सार्वजनिक यातायातद्वारा जनतालाई 'सस्तो, सुलभ र सुरक्षित' परिवहन दिलाउने अभियानमा समेत धक्का लाग्नेछ। साझा यातायात तत्कालीन श्री ५ को सरकारद्वारा माघ २०५८ मा विघटित भएकोमा यसको कानूनी व्यक्तित्व सहकारी भएकै कारण पाटन पुनरावेदन अदालतद्वारा माघ २०१९ मा सरकारको निर्णय खारेज गरी पुनर्स्थापन भएको हो। म २०५८ मा साधारणसभाद्वारा अध्यक्ष निर्वाचित भएदेखि निम्न मुख्य कार्य भएका हुन :

क) नेपाल सरकार, सहकारी विभागको स्वीकृति र संचालक समितिको निर्णय बमोजिम आपसी सहमतिमा नेपाल सरकारको स्वामित्व रहेको नेपाल टेलिकमलाई कानूनबमोजिम वीरगञ्जमा रहेको जग्गा विकी

ख) प्राप्त रकमबाट कानूनी प्रक्रिया पूरा गरी स्लोवल टेन्डर प्रक्रियाद्वारा काठमाडौं उपत्यकाको सार्वजनिक यातायात व्यवस्थित गर्नका लागि १६ वस खरिद गरी १ वैशाख २०७७ देखि परिवहन सेवा पुनः संचालन

ग) हाल महानगरपालिका सँगको सहकार्यमा रु १० करोडको लागतमा थप ४० वस संचालन गर्ने तयारी

घ) पुल्चोक, ललितपुरस्थित साझा यातायातको झण्डै २३ रोपनी जग्गामा नेपाल सरकारको स्वीकृतिसहित 'साझा साउथ एशिया केन्द्र' सांस्कृतिक तथा सभा परिसर निर्माण गर्ने योजना।

२) साझा यातायातको बाटो गरेर अदुअलाई मेरो सार्वजनिक नागरिक अधिकार तथा भ्रष्टाचारीतिक विषयका लेखन र दुवै क्षेत्रमा क्रियाशीलता कुण्ठित गर्न खोजेको मेरो बुझाइ हो। अदुअको प्रमुख आयुक्त लोकमानसिंह कार्कीको शंकास्पद नियुक्तिको जोडदार विरोध गर्नेहरू विरुद्ध श्रृंखलाबद्ध 'कार्वाही' थालेकोमध्ये मर्माधि भ्रष्टाचार र अकूत सम्पत्तिको नाउँमा शुरू गरिएको कारवाही भविष्यमा म र मजस्ता व्यक्तिहरूबाट हुन सक्ने विरोधका अभिव्यक्तिहरू बन्द गर्न खोजिएको हो भन्ने कुरामा मलाई कुनै शंका छैन। म चुप वस्ने कुरै रहेन।

३) तैतिकताको आधारमा प्रमुख आयुक्तले उहाँको नियुक्तिको विरोध गर्ने मर्माधि कार्वाही गर्नुपरे अरूलाई सुस्पिन्पर्नेमा आफै अग्रसर भएको अदुअजस्ता कागजातले देखाउँछ। प्रमुख आयुक्तले आफ्नो अख्तियार दुरुपयोग गर्दै कदम चलाउँदा मेरो उपचार भनेको कानून र न्यायालय द्वारा नै हो। आयोगको कार्वाहीको कदम गैरकानूनी थियो नै, त्यसमाथि मलाई थुनामा राख्ने निर्णय वदर गरियो ।

ग) अख्तियारले अनुसन्धान गर्नुपरेमा तारिखमा राखेर विना धरपकड अनुसन्धान मात्र अगाडि वढाउनु भनेर पर्याप्तरेखा जारी भएपनि मेरो विश्वास छ आयोगले सम्मानित सर्वोच्च अदालतको निर्णय पालना गर्नेछ, मेरा र अन्य सन्दर्भमा यसअघि यसो नगरे पनि।

४) कानूनी उपचारकी खोजीमा थुनामुक्त हुँदाको यो क्षणमा अख्तियारकी ममाधिको कार्वाही कानून, सिद्धान्त र मान्यताको खिलापमा छ भन्ने मेरो मूल मान्यता सहितको सर्वोच्च अदालतमा दाखिल मुद्दा जारी रहनेछ। यस मुद्दाको सन्दर्भमा २१ पुस २०७३ मा सर्वोच्च अदालतको आदेश सान्दर्भिक छ, जसमा भनिएको छ कि-म कनकमणि दीक्षितमाथि आयोगले चालनी गरेको कारवाही अदुअआको कानून (२०४८) र नियम (२०५६) ले दिदैन। उक्त आदेशमा पष्ट भनिएको छ, कानूनको अभियानी र प्रयोजन नखुलाई 'कसैलाई अनुसन्धानको नाममा अन्य कुनै कारवाही गर्न नमिल्ने हुन्छ' मुख्यतः आयोगले कानून र नियम अन्तर्गतको विधि पुऱ्याई सबै आयुक्तबीचको छलफलको भरमा निर्णय लिनुपर्नेमा प्रमुख आयुक्त, अर्को एक जना आयुक्त तथा इर्द-चार कर्मचारीको भरमा कार्वाही चालिएको देखिन्छ।

५) म कानूनको पनि विद्यार्थी भएको नाताले कानूनीराज, विधिको शासन तथा शीर्षस्थ न्यायालयको गरिमा कायम गर्दा मात्र मुलुकमा सामाजिक, राजनीतिक र आर्थिक अग्रगमन सम्भव छ भन्ने मेरो दृढ विश्वास हो। यसै कारण अदुअलाई अन्यत्र गरे झैं मेरो सन्दर्भमा पनि सर्वोच्च अदालतको २१ पुस २०७२ को आदेशको पर्वाह नगरी मुछेवलमा अनुसन्धान जारी गरेकोले मलाई चिन्तित तुल्याएको थियो। न त उसले आफ्नै कार्वाही सर्वोच्च अदालतको २१ पुसको आदेश वमोजिम कानूनी प्रावधान पुरा गरेर मर्माधि कारवाही पुनः थालनी गऱ्यो, जो मलाई स्वीकार्य हुने थियो, न त उसले सर्वोच्च अदालतमा जारी रहेको मेरो मुद्दाको फैसलालाई नै कुरेको देखियो हँदाहँदा अदुअलाई सर्वोच्चको आदेशको समेत पालना नगरी म आवद्ध विभिन्न निजी व्यवसाय, सहकारी तथा गैरसहकारी संस्थाहरूमाथिको अनुसन्धानमा तीव्रता दियो। अदुअआमा आफू मात्र कार्यक्षेत्र वाहिर गएन, उसले विभिन्न मन्त्रालय, विभाग तथा समाज कल्याण परिषदमा समेत दवावमूलक हिसावले ममाथिको अनुसन्धान गर्न लगायो। यस्तो मनोमानी कार्वाहीको सिलसिलामा नै अदुअलाई मलाई स्पष्टीकरणको लागि वोलायो भने मेरो अड़ान रह्यो कि सम्मानित सर्वोच्च अदालतको २१ पुसको आदेशको उपेक्षा र अवहेलना मैले गर्न मिल्दैन र अदालतको आदेशको मर्यादामा आधात पुर्‍याएर आयोगले गरेरहस्ते मानहानिमा म सहभागी हुन सक्दिनै यसै सन्दर्भमा मलाई २०-२५ पहरीको साथ लगाएर धरपकड गरियो र थुनामा राखियो, जुन कारवाही गैरकानूनी ठहर गर्दै सम्मानित अदालतले मलाई थुनामुक्त गरेको हो।

६) कुनै व्यक्ति वा उसको परिवारको कुनै सम्पत्ति हुनु आफैमा अपराध हुँदैन कानूनको पालना गरेर कानूनको सीमाभित्र रहेर आफ्नो सम्पत्ति राख्न र उपभोग गर्न निजी सम्पत्तिको अवधारणालाई हाम्रो राज्यले स्वीकार गछ। कानूनतः वैध हँदाहुँदै पनि कुनै सम्पत्ति केवल आफ्नो भौगोलिकसको लागि र थप सम्पत्ति जम्मा गर्ने प्रयोजनको लागि मात्र प्रयोग हुने हो भने त्यो जायज हुँदैन भन्ने म र मेरो परिवारको मान्यता छ। त्यसैले व्यावसायिक रूपमा भए पनि शिक्षा, पत्रकारिता र प्रकाशनका माध्यमले वा अन्य जुनसुकै व्यवसायमा आफ्नो कार्य सकारात्मक र सिर्जनात्मक चेतना फैलाउने र समुदायको समेत हितमा प्रयोग हुनुपर्छ भन्ने मान्यता म र मेरो परिवारले लिने गरेको छ।

मेरो र मेरो परिवारको आफ्नो मुलुकमा र विदेशमा रहेको सम्पत्ति सवै या त पैतृक हुन् या कानून सम्मत हिसाबले आर्जित हुन्। यसमा राज्यका कुनै पनि अख्तियारसम्मत निकायले अनुसन्धान गर्न पाउँछ नै, जसको लागि नियम, कानून पालना गर्ने नागरिकको हैसियतले म पूर्णतः सहयोग गर्नेछु सहयोग मात्र होइन, त्यस्ता सोधनी र अनुसन्धानको म स्वागत गर्छु। यति मात्र कि ती निकायहरूले स्वस्फूर्त र स्वतन्त्र भई अनुसन्धान गरून्, न कि अदुअआको दवावमा परी कदम चालून्। अदुअले आफ्नो अख्तियार क्षेत्रले नदिने व्यक्तिमाथि कारवाही अन्य सरकारी निकायद्वारा गर्ने गराउने गरेको यसअघि नै खुलासा भइसकेको छ।

७)अदुअले आफ्नो मर्यादिनक, कार्यगत र नैतिक अख्तियारी नाघ्ने प्रवृत्ति साझा यातायातको सन्दर्भमा मात्र होइन मेरो निजी, सहकारी तथा व्यावसायिक कार्यमा निगरानी राख्नाले पनि देखियो। साझा यातायातको अध्यक्षको नाताले अकूत सम्पत्ति आर्जन गरेको भन्दै उसले अनुसन्धान थालेको भन्छ तर म अध्यक्ष निर्वाचित भएको २०६८ पश्चात आर्जन गरेको के कति सम्पत्ति हो त्यसमा उसको चासो रहेको देखिएन। वरु मेरो जन्मभन्दा अगावैको पखोले आर्जन गरेको सम्पत्तिसँग्रेखि हरेक निजी, व्यावसायिक, गैरसरकारी तथा सहकारी क्षेत्रमा उसले चासो देखायो यस्तै साधारण वेनामी उजुरीको भरमा अनुसन्धान गर्नु साटी उजुरीलाई नै प्रमाणको रूपमा सार्वजनिक गऱ्यो। यस्तै मैले आफुखुशी अख्तियारलाई वुझाएको सम्पत्ति विवरण उसले आफ्नो साहसिक अनुसन्धानको उपलब्धि जस्तो गर्दै राष्ट्रिय समाचार समितिमार्फत मिडियामा प्रचार सार्वजनिकसम्म गर्न भ्यायो। यस सन्दर्भमा नैतिक र कानूनी प्रश्नहरूको जवाफ र उपचार मैले खोज्ने नै छु।

८) अदुअआ जस्तो प्रभावशाली संस्था कानुनसम्मत हिसाबले अगाडि वढोस् भन्ने मलगायत हरेक नागरिकको चाहना हो पूर्वाग्रह वेगर सार्वजनिक पद धारण गरेका व्यक्तिमाथि निगरानी राख्दा यसले समाज र अर्थतन्त्रलाई सुशासन र समृद्धितर्फ जान सहयोग गर्दछ। तर जनताको भ्रष्टाचारप्रतिको आयज वितृष्णाको प्रयोग गर्दै निजी रिसइवी साझे, राजनीतिक पूर्वाग्रह अन्तर्गत चल्ने तथा भूराजनीतिक 'डिजाइन' समेतमा अदुअजस्ता संलग्न हुने हो भने हाम्रो मुलुक अँधै अगाडि अस्थिर वन्नेछ, सरकार चल्न सक्दैन, समाज संकटको भुमरीमा पर्नेछ। अदुअआको वर्तमान मनोमानी शैलीले धेरै संख्यामा राष्ट्रसेवक तथा सार्वजनिक व्यक्तित्वको प्रतिष्ठा र मनोवल गिराएको छ भने विकास निर्माण तथा राजकाज समेतलाई क्रमशः तुल्याएको छ। अदुअआ कुनै व्यक्तिविशेषको निजी संस्था होइन। संवैधानिक रूपले प्रमुख आयुक्तस्तर नै अधिकार राख्ने स्वच्छ छवि भएका र प्रशासनिक र प्राविक क्षेत्रमा आफ्नो क्षमता प्रदर्शन गरी सक्नुभएका केही आयुक्त अदुअआमा हुनुहुन्छ। आयोगलाई जोगाउने कार्यमा उहाँहरूकी भूमिका देखिएमा आम नागरिकहरूमा आशाको केही संचार हुनेथियो।

९.) अदुअआको प्रमुख आयुक्तसमक्ष मेरो अनुरोध छ, सम्मानित सर्वोच्च अदालतले आजसम्म अख्तियार विरुद्ध परेका मुद्दाहरूमा जुन मर्यादा, नैतिकता तथा कानूनी दायराभित्र रही कार्य गर्नु भनेर निर्णय र नजिर खडा गरेको छ, त्यसै अन्तर्गत रहनु उचित हुनेछ। अन्यथा भौति पनि कार्छ, अदुअले आर्जन गरेको भन्दै उसले अनुसन्धान थालेको भन्छ तर म अध्यक्ष निर्वाचित भएको २०६८ पश्चात आर्जन गरेको के कति सम्पत्ति हो त्यसमा उसको चासो रहेको देखिएन। वरु मेरो जन्मभन्दा अगावैको पखोले आर्जन गरेको सम्पत्तिसँग्रेखि हरेक निजी, व्यावसायिक, गैरसरकारी तथा सहकारी क्षेत्रमा उसले चासो देखायो यस्तै साधारण वेनामी उजुरीको भरमा अनुसन्धान गर्नु साटी उजुरीलाई नै प्रमाणको रूपमा सार्वजनिक गऱ्यो। यस्तै मैले आफुखुशी अख्तियारलाई वुझाएको सम्पत्ति विवरण उसले आफ्नो साहसिक अनुसन्धानको उपलब्धि जस्तो गर्दै राष्ट्रिय समाचार समितिमार्फत मिडिया द्वारा सार्वजनिकसम्म गर्न भ्यायो। यस सन्दर्भमा नैतिक र कानूनी प्रश्नहरूको जवाफ र उपचार मैले खोज्ने नै छु।

८) अदुअआ जस्तो प्रभावशाली संस्था कानुनसम्मत हिसाबले अगाडि वढोस् भन्ने मलगायत हरेक नागरिकको चाहना हो पूर्वाग्रह वेगर सार्वजनिक पद धारण गरेका व्यक्तिमाथि निगरानी राख्दा यसले समाज र अर्थतन्त्रलाई सुशासन र समृद्धितर्फ जान सहयोग गर्दछ। तर जनताको भ्रष्टाचारप्रतिको आयज वितृष्णाको प्रयोग गर्दै निजी रिसइवी साझे, राजनीतिक पूर्वाग्रह अन्तर्गत चल्ने तथा भूराजनीतिक 'डिजाइन' समेतमा अदुअजस्ता संलग्न हुने हो भने हाम्रो मुलुक अँधै अगाडि अस्थिर वन्नेछ, सरकार चल्न सक्दैन, समाज संकटको भुमरीमा पर्नेछ। अदुअआको वर्तमान मनोमानी शैलीले धेरै संख्यामा राष्ट्रसेवक तथा सार्वजनिक व्यक्तित्वको प्रतिष्ठा र मनोवल गिराएको छ भने विकास निर्माण तथा राजकाज समेतलाई क्रमशः तुल्याएको छ। अदुअआ कुनै व्यक्तिविशेषको निजी संस्था होइन। संवैधानिक रूपले प्रमुख आयुक्तस्तर नै अधिकार राख्ने स्वच्छ छवि भएका र प्रशासनिक र प्राविक क्षेत्रमा आफ्नो क्षमता प्रदर्शन गरी सक्नुभएका केही आयुक्त अदुअआमा हुनुहुन्छ। अदुअआको कार्यमा उहाँहरूकी भूमिका देखिएमा आम नागरिकहरूमा आशाको केही संचार हुनेथियो।

९.) अदुअआको प्रमुख आयुक्तसमक्ष मेरो अनुरोध छ, सम्मानित सर्वोच्च अदालतले आजसम्म अख्तियार विरुद्ध परेका मुद्दाहरूमा जुन मर्यादा, नैतिकता तथा कानूनी दायराभित्र रही कार्य गर्नु भनेर निर्णय र नजिर खडा गरेको छ, त्यसै अन्तर्गत रहनु उचित हुनेछ। अन्यथा भौति पनि कार्छ, राष्ट्रसेवकहरू नाजायज कार्यमा अड्काइने छन् भने पूँजी राज्यव्यवस्था र विकास-निर्माण शिथिल हुनेछ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्तो महत्वपूर्ण र प्रभावशाली संस्थाले नैतिकता, मर्यादा र कानून कसरी विसंत मिल्छ ? र, विसंत एएमा सचेत नागरिकले कसरी मौनता साधेर वस्न मिल्छ ?

१०) सम्मानित सर्वोच्च अदालतकै फैसलाद्वारा थुनामुक्त हुँदा मलाई विधिको शासन, नागरिक अधिकार तथा सुशासनको लडाईमा विजयीहरू हुन थप उर्जा मिलेको छ मेरो रैरन्थायिक हिरासत विरुद्ध आवाज उठाउने नेपाल, दक्षिण एशिया तथा समुदूपारका सवै सहकर्मी र मित्रवाट हौसला पाएँ। थुना मुक्त भई अस्पतालवाट समेत डिस्चार्ज हुँदा मेरा सहयोद्धा कानून व्यवसायी, पत्रकारहरूलाई धन्यवाद तथा चिकित्साकर्मी तथा पुरेरी जवान, अफिसरहरूको व्यवसायीपन तथा सीप्रादंतापूर्ति आभार व्यक्त गर्दछु। परिवार त परिवार भैहाल्यो।

*दीक्षितद्वारा जारी वक्तव्य*

# स्वतन्त्र पत्रकार संघको क्यालेण्डर विमोचन

**पोखरा २५ वैशाख ।**

स्वतन्त्र पत्रकार संघ नेपाल कास्कीले नववर्षको अवसरमा शुक्रवार शुभकामना आदानप्रदान तथा भित्तेपात्रो लोकार्पण गरेको छ। कार्यक्रममा संघका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद वास्तोला, सल्लाहकारहरु नारायण काकी, उमाकान्त शर्मा, दिलीप राई र जिल्ला अध्यक्ष वीरेन्द्र सापकोटाले संयुक्त रुपमा भित्तेपात्रो लोकार्पण गरेका थिए। कार्यक्रममा बोल्दै संघका केन्द्रीय अध्यक्ष वास्तोलाले स्वतन्त्र पत्रकार हुनुमा गौरव भएको बताए। आफ्नो स्वाभिमान उचाइमा पुऱ्याउनुपर्नेमा आत्मसन्तुष्ट अरुमा नहुने उल्लेख गर्दै उनले समाजले स्वतन्त्र पत्रकारप्रति गरेको सम्मानलाई अझै क्रियाशील भएर जिम्मेवारी पुरा गर्नुपर्ने बताए।

सल्लाहकार नारायण काकीले राजनीतिक दवदवा रहँदा को समाजमा स्वतन्त्र रहेर वाँच्न निकै कठिन भए पनि स्वतन्त्र रहनुमै पत्रकारको प्रतिष्ठा हुने बताए। उनले प्रेस काउन्सिलवाट कारवाही गरेका व्यक्तिलाई नै काउन्सिलमा सदस्य नियुक्त गर्नेसम्मका हर्कत देखिएको उल्लेख गर्दै वरिष्ठ पत्रकार सम्मान पनि सेवाका आधारमा नभइ गुटका आधारमा सिफारिस हुने गरेको बताए।

अरुण पत्रकार उमाकान्त शर्माले स्वतन्त्र पत्रकार सक्रिय हुनपर्नेमा जोड दिँदै धेरैको सहयोग प्राप्त हुने बताए। पत्रकारितामा स्वाभिमानपूर्वक लाग्नु अहिलेको समयको आवश्यकता भएको सल्लाहकार विरोप राईले बताए। उनले भने, अरुको झोला बोक्नुभन्दा स्वाभिमानपूर्वक उभिने स्वतन्त्र पत्रकार सयौं गुना ठूलो हुन्छ। भित्तेपात्रो प्रकाशन समितिका संयोजक तिलक थापाले पत्रकारले सामाजिक उत्तरदायित्व वहन गर्नुपर्ने बताए। कास्की शाखाका अध्यक्ष वीरेन्द्र सापकोटाको अध्यक्षतामा भएको उक्त कार्यक्रममा उपाध्यक्ष पदमराज उदासीले स्वागत र सञ्चालन सचिव कृष्ण रानाभाटले गरेका थिए।

# जागरण टोल विकास संस्थाको तेस्रो अधिवेशन

**पोखरा २५ वैशाख ।**

पोखरा-१७ विरौटामा रहेको जागरण टोल विकास संस्थाको तेस्रो अधिवेशन तथा चौथो साधारण सभा एवम् जागरण वाल क्लवको अधिवेशन सम्पन्न भएको छ। जागरणको अध्यक्षमा क्रमशः राजु वाबु अधिकारी एवम् वालक्लवको अध्यक्षमा ब्याट्टिना वस्नेत निर्विरोध चयन भएका छन्। टोल विकास संस्थाको उपाध्यक्षमा सुवोधराज रनाभाट सचिवमा, प्रेमवहादुर क्षेत्री कोषाध्यक्षमा, सुरेन्द्र के.सी. सहसचिवमा, सावित्री अर्याल एवम् सदस्यहरुमा क्रमशः कमला पोखरेल, गंगा चि.क, सनिज गुरुङ, विष्णुप्रसाद वराल, पार्वती रेग्मी, सोभाहर शर्मा चयन भएका छन्। त्यस्तै जागरण वाल क्लवको उपाध्यक्षमा अनुस्या वराल, सचिवमा अनिता पौडेल, कोषाध्यक्षमा विनिसा वराल, सह-सचिवमा, राहुल सेन ठकुरी एवम् सदस्यहरुमा सइुधर्म के सी., आयुष रेग्मी, ओजश्वी वराल, अनिता चाम्लिङ राई, समिप रेग्मी, उत्सव वराल चयन हुनुभएको छ। उक्त कार्यक्रममा निर्वाचन अधिकृतको रुपमा संस्थाका सल्लाहकार अधिवक्ता नारायण पौडेल रहेका छन्। संस्थाका अध्यक्ष माधव वरालकी अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा पी.यु.म.ग.पा.-१७ का सचिव रमेश पौडेलकी प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा टोल विकास संस्था समन्वय कमिटी-१७ का अध्यक्ष गीता सुवेदी, ड्यामसाईड क्लवका अध्यक्ष पदम वहादुर ढकाल, शान्ति निकुञ्ज उमाविका प्रचार्य लाल वहादुर राना, समाजसेवी टेकवहादुर गुरुङ, योगेन्द्र के.सी., जगतवन्धु पोखेल लगायतले टोल विकास संस्थाको विकासमा सदैव हातेमालो गरी अगाडि वढ्ने एवं आफ्नो ब्रेवचाट सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए। कार्यक्रममा उपाध्यक्ष भगवती पौडेलले स्वागत एवम् संस्थाका सचिव रमेश प्रसाद वरालले कार्यक्रम सञ्चालन गरेका थिए।

# २५ वर्षपछि राष्ट्रिय सुरक्षा नीति तयार

**⇘गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं २४ वैशाख ।**

राष्ट्रिय सुरक्षा परिषद्को शुक्रवारको वैठकले 'राष्ट्रिय सुरक्षा नीति' लाई मन्त्रिपरिषदका लागि सिफारिस गरेको छ। उक्त नीति मन्त्रिपरिषदले पारित गरेपछि मात्रै लागु हुनेछ। प्रजातन्त्र पुनःस्थापना भएको झण्डै २५ वर्षपछि भने 'राष्ट्रिय सुरक्षा नीति' तयार गरिएको छ। 'राष्ट्रिय सुरक्षा नीति पञ्चायतकालिन 'डिफेन्स' वाटै चल्दै आएको थियो, 'उपप्रधान तथा रक्षा मन्त्री राजलले परिषद्वाट नीति सिफारिस गरेपछि भने। परिवर्तित अवस्था अनुसार सुरक्षाका क्षेत्र र आयामहरुलाई समेटेर नयाँ राष्ट्रिय नीति त्याउन सरकार लागेको हो।

राजलले राष्ट्रिय सुरक्षा नीति त्याउन तीव्र रूपमा काम भइरहेको जानकारी दिए। २०४६ सालमा प्रजातन्त्र आएपत्ता २०१६/०६९ सम्म राष्ट्रिय सुरक्षा नीति त्याउने सरकारी कोशिस भए पनि विफल रह्यो। पञ्चायत कालको 'रातो किताव' वाट नै राष्ट्रिय सुरक्षा नीतिको सञ्चालन हुन्थ्यो ।

राष्ट्रिय सुरक्षा नीतिमा राष्ट्रिय शक्तिका संयन्त्रहरु सुरक्षा, राजनीतिक, कुटनीतिक, आर्थिक, सूचना साधनहरु लगायतका शक्ति समायोजन गरेर निर्माण गरिएको छ। 'नीतिले सुरक्षाको लक्ष्य के हो भन्ने एकदिन मात्र निर्देशन गर्ने छ र देशको समग्र सुरक्षाको मुल वाटो देखाउने छ। यो नहुँदा कसरी कामहरु गर्ने भन्ने अन्योलता हुने गरेको थियो,' मन्त्री रावलले भने,- 'अव त्यस्तो अवस्था आउने छैन।'

तात्कालीन रक्षामन्त्री विद्यादेवी भण्डारीको कार्यकालमा थालिएको नीति त्यस वेला राज्य व्यवस्था समितिमा लामो छलफल भएर तयार भएको थियो। तर माधव नेपालले नेतृत्व गरेको सरकार परिवर्तन भयो र काम रोकियो। 'राज्य व्यवस्था समितिवाट समेत सवै पक्षसँग छलफल गरिएको थियो। त्यो वेला नयाँ संविधान थिएन, अहिले नयाँ संविधान अनुकूलका र त्यससँग अवसम्वय गरेका उद्देश्यहरु अनुसार समायवजनकुल परिवर्तन गरि यो नीति वनाइएको छ।'

मन्त्री रावलले नीति निर्माण गर्दा रक्षा मन्त्रालयले सुरक्षा नीति त्याउने सरकारी निकायसहित सवै मन्त्रालय र सरोकारवालाहरु निकायहरुका धारणासहितलाई समेटेको वताए। उनले भने,-'संसदीय समितिमै छलफल भइसकेको र सवै राजनीतिक दलहरुका सुझावहरु लाई समेत ध्यान पुऱ्याइएको छ।'

# एशियन थाई फुड्सद्वारा उत्कृष्ट विक्रेतालाई उपहार

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ वैशाख ।

एशियन थाई फुड्स प्रालिले कास्कीका उत्कष्ट विक्रेतालाई उपहार प्रदान गरेको छ। निश्चित समय भित्र तोकिएको चाउचाउ बिक्री गर्न सफल विक्रेतालाई विभिन्न उपहार प्रदान गरिएको हो। पोखरामा शनिवार आयोजित कार्यक्रमका बीच प्रालिले कास्कीका ८५ विक्रेतालाई पुरस्कार प्रदान गरेको हो। गत माघ १ देखि चैत्र ३० सम्म तोकिएको १५ सय कार्टुन भन्दा बढी चाउचाउ बिक्री गर्न सफल भएकालाई साइकल, राइसकुकर, माईक्रोओभन, ब्लाङ्केट, मिक्चर लगायतका उपहार प्रदान गरिएको हो।

कास्की जिल्लाभर एशियन थाई फुड्सका सबैभन्दा बढी सामान बिक्री गर्न सफल बानियाँ स्टोर्स लामाचौरलाई उत्कृष्ट अवार्ड सहित उपहार प्रदान गरियो। स्टोर्सका तुल बहादुर बानियाले उत्कृष्ट अवार्डको पुरस्कार स्वरुप एक थान ब्लाङ्केट सहित साईकल उपहार प्राप्त गरे। त्यस्तै सबैभन्दा

बढी चाउचाउ बिक्री गर्ने १७ जनालाई साईकल, ४४ जनालाई ब्लाङ्केट, ११ जनालाई माईकी ओभन, ४ जनालाई ष्पान, ४ जनालाई मिक्सर र ४ जनालाई राईसकुकर प्रदान गरियो।

नेपाल राष्ट्र बैंक पोखराका प्रमुख चिरञ्जिवी चापागाई र कम्पनीका जनरल म्यानेजर हरि प्रसाद श्रेष्ठले उत्कष्ट बिक्रेतालरु लाई उपहार हस्तान्तरण गरे। एरिया सेल्स मेनेजर लक्ष्मण न्यौपानेका अनुसार कास्कीमा एसियन थाई फुड्सको ५ वटा मुख्य डिलर छन् भने ८४ वटा होलसेल विक्रेता छन्। २०७७ सालबाट उत्पादन सुरु गरेको एसियन थाई फुड्सले अहिले विभिन्न फ्लेभरमा चिउरी, रम्पस, फटाफट, मितेरी चाउचाउ बजारमा ल्याइरहेको छ। कम्पनीले पछिल्लो समय बजारमा रम्पस गुट्टुक फ्लेभरको चाउचाउ ल्याएको छ। न्यौपानेका अनुसार कास्कीमा एशियन थाई फुड्सको भण्डै ४० हजार कार्टुन चाउचाउ मासिक खपत हुदै आएको छ।

कार्यक्रममा पश्चिमाञ्चल क्षेत्रीय उद्योग वाणिज्य संघका अध्यक्ष संञ्जिव बहादुर कोइरालाले उपभोक्तामुखी उत्पादनमा ध्यान दिन अग्रपंक्तीलाई सुझाव दिए। कोहि व्यवसायीको गल्तीले उपभोक्ताको स्वास्थ्यमा नकारात्मक असर पर्ने भएकाले त्यसतर्फ समेत सोच्न उनले विकेताहरुलाई पनि आग्रह गरे। स्याङ्जा उद्योग वाणिज्य संघका अध्यक्ष नवराज सुवेदीले एशियन थाई फुड्सको उत्पादन गुणस्तरीय रहेको बताए।

# एभेरेष्ट ग्लोबल एजुकेशनको सेवा संचालन

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ वैशाख ।

पोखरा प्रधान कार्यालय रहने गरी विभिन्न देशहरुको अध्ययनका लागि शैक्षिक परामर्श दिने उद्देश्य सहित स्थापित एभेरेष्ट ग्लोबल एजुकेशनले आफ्नो सेवा औपचारिक रुपमा शनिवारदेखि शुरु गरेको छ। शनिवार आयोजित एक समारोह बीच शिक्षासेवि तथा पृथ्वी नारायण क्याम्पसका संस्थापक क्याम्पस प्रमुख जर्ज जोनले कन्सल्टेन्सीको उद्घाटन गरे।

समारोहमा बोल्दै एजुकेशनका कार्यकारी प्रमुख याम केसीले पोखरालाई आधार मानेर अन्य सहररुमा पनि शाखा कार्यालय सञ्चालन गर्ने र भविष्यमा अन्य देशका विद्यार्थीहरुलाई पनि नेपालको सांस्कृतिक अध्ययनका लागि नेपाल भित्रैने वातावरण कन्सल्टेन्सीले तयार गर्ने जानकारी दिए।

"हाल नेपालमा हजारौं कन्सल्टेन्सीहरु कार्यरत छन्", केसीले भने,-"तर हामीले नेपालमा गुणस्तरीय सेवा प्रदान गर्ने हेतुले मात्र यो कदम अगाडि बढाएका हौं।" केसी लामो समय अष्ट्रेलियामा

रही शैक्षिक तथा सामाजिक क्षेत्रमा कार्य गर्दै आइरहेका व्यक्तित्व हुन् भने उनको सांकेतिकता अष्ट्रेलियामा समेत एजुकेशनको कार्यालय स्थापना गरिएको उनले बताए।

उद्घाटन समारोहलाई प्रमुख अतिथि जर्ज जोन संरक्षक चन्द्र केसी र प्रमुख सल्लाहकार किरण सापकोटाले पनि आफ्नो भनाइ राखेका थिए। कार्यक्रमको सभापतित्व तथा प्रबन्ध निर्देशक अनुष्ठा भारद्वाजको सञ्चालनमा सम्पन्न भएको थियो।

कन्सल्टेन्सीले हाल अष्ट्रेलियाको लागि शैक्षिक परामर्श सेवा प्रदान गर्दै भविष्यमा त्रै अमेरिका, न्यूजिल्याण्ड, क्यानेडा लगायतका विभिन्न युरोपियन तथा एशियाली देशहरुमा अध्ययनका लागि शैक्षिक परामर्श प्रदान गर्ने प्रबन्ध निर्देशक अनुष्ठा भारद्वालले जानकारी दिए।

# मगर संघ माटेपानी ईकाइको साधारणसभा

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ वैशाख ।

नेपाल मगर संघ माटेपानी ईकाई समिति पोखरा १२ को २१ औं साधारण सभा तथा मगर महिला ईकाईको ११औं साधारण सभा शनिवार पोखरामा सम्पन्न भएको छ। ईकाईका अध्यक्ष चन्द्रप्रकाश थापामगरको अध्यक्षता तथा मगर संघ कास्कीका उपाध्यक्ष मेजर पं मनबहादुर थापाको प्रमुख आतिथ्यतामा साधारण सभा भएको हो। साधारण सभाको अवसरमा माटेपानी ईकाई समिति अन्तर्गतका ८० वर्ष पुरा गरेको १० जना वृद्धवृद्धालाई सम्मान गरिएको छ।

सम्मानित हुनेहरुमा ९३ वर्षीया विष्णुकुमारी मास्की मगर र जंगबहादुर थापामगर, ९२ वर्षीया शोभाकुमारी रानामगर, ९० वर्षीया हरिमाया थापामगर, ८८ वर्षीया माया थापामगर र धनीसरा रानामगर, ८५ वर्षीया केशरी थापामगर, ८३ वर्षीया गोपाल थापामगर र मती श्रीपमगर तथा ८१ वर्षीया हेमाकुमारी रानामगर रहेका छन्। उनीहरुलाई प्रशंशापत्र र दोसल्लाले सम्मान गरिएको थियो। यस्तै कार्यक्रमया ईकाई समितिलाई विभिन्न समयमा सहयोग गर्ने नरेश आलेमगर, ज्ञानबहादुर थापामगर, सुवेदार पूर्णबहादुर थापामगर, गनबहादुर रानामगर, देवी थापामगर, देउरुपा श्रीसमगर, दुर्गा रानामगर र दृधमाया थापामगरलाई पनि प्रशंसापत्र र मायाको चिनो प्रदान गरिएको थियो।

कार्यक्रममा नेपाल मगर संघका जनसम्पर्क प्रमुख डिलबहादुर श्रीसमगर, नेपाल मगर महिला संघका अध्यक्ष फूलकुमारी थापामगर, नेपाल मगर युवा संघ माटेपानी ईकाईका अध्यक्ष राजु थापामगर लगायतले बोलेका थिए। साधारण सभाको बन्द सभा ईकाईको आन्तरिक बजेट र भावी योजनाका बारेमा छलफल भएको थियो।

# पश्चिम म्यार्दी मगर समाजमा दलराज

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ वैशाख ।

पश्चिम म्यार्दी मगर समाज पोखराको चौथो अधिवेशनले दलराज पुनको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ। शनिवार पोखरामा भएको अधिवेशनले २० सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो।

समितिको उपाध्यक्षमा सोम पुन, सचिव देव पुन, सह-सचिव झिमा थापा, कोषाध्यक्ष झिमा पुन चयन भएका छन् भने सदस्यहरुमा चन्दबहादुर बुढा, राममाया बुढा, स्समाया पुन, प्रकाश पुन, भक्तमाया फगामी, दुर्गाबहादुर बुढा, सनदेवी पुन, शान्ति पुन, मागीसरा रोका, पार्वती जुग्जाली, होममाया पुन, कुमारी पुन, रामप्रसाद पूर्जा, चित्रबहादुर रोका र खिरदेवी बुढा रहेका छन्। पश्चिम म्यार्दी मगर समाज, पश्चिम म्यार्दीका १३ गाविसबाट पोखरा आई बसोबास गर्नेहरुले गठन गरेको संस्था हो।

# राष्ट्रिय युवा अभियानद्वारा पोखरामा सरसफाइ

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ वैशाख ।

नयाँ शक्ति नेपालको युवा संगठन राष्ट्रिय युवा अभियानले पोखरामा सुरु गरेको रीन पोखरा क्लिन पोखरा अभियानको श्रृंखला शनिवार सम्पन्न गरेको छ। नयाँ शक्तिका नेता कार्यकर्ताहरु पोखराको ट्यासचीचौकबाट विन्दवासिनी सम्मको भाग सरसफाई गरेका थिए। बिहान आठबजेबाट सुरु भएको सरसफाई कार्यक्रममा सहभागीहरुले कोहि नबोलीकन सरसफाईको काम थालनी गरेपछि स्थानिय बासिन्दाहरु चकित परेका थिए। राष्ट्रिय युवा अभियानको व्यानरमा भएको सरफाईमा कोहि कसैले पनि भाषण गरेन बरु सबैले हातमा सेतो पञ्जा लगाए। फोहोरको थुपो भएतिर गएर साबेलले फोहोर

उठाउदै डोकोमा हालेका थिए। फोहोर गाडी देखेपछि फोहोर फाल्न भनेर पोकाका पोका फोहोर लिएर निस्किएका स्थानीय बासिन्दाहरु आफ्नो टोलको फोहोर अरुले उठाएको देखा आश्चर्य चकित भएका थिए।

सरसफाई कार्यक्रममा सहभागी नयाँ शक्तिको नेता कार्यकर्ताले फोहोर सफा गर्दै स्थानीय बासिन्दाहरुलाई जनाभावी फोहोर नफाल्न आग्रह समेत गरेका थिए। सरसफाई प्रचार कमाउनको लागी गरिएको त हैन भन्ने हाम्रो प्रश्नमा राष्ट्रिय युवा अभियान कास्की संयोजक रेमश योगीले भने- 'प्रचारका लागि अरु कुनै काम पनि त गर्न सकिन्थ्यो होला, सर्कस नै देखाए पनि दुईचार सय मान्छे त जम्मा भै हाल्थे नि हामीले राजनीतिलाई समाज सेवासंग जोडी भनेर सरसफाई अभियान थालेका हौं।' कार्यक्रमको अन्त्यमा बोल्दै गिन पोखरा क्लि पोखरा अभियानका संयोजक देव क्षेत्रीले अर्को हप्ताको कार्यक्रम लेखनाथमा हुने जानकारी गराउदै कार्यक्रमको समापन गरेका थिए।

# जरीवाना तोकियो

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ वैशाख ।

पोखरा उप-महानगरपालिका वडा नं. २६ सराङकोटमा रहेको हाम्रो माछापुच्छे टोल विकास संस्थाले सरसफाइ कार्यक्रम आयोजना गऱ्यो। संस्थामा आवद्ध प्रतिनिधि एवं स्थानीयको सहयोगमा सम्पन्न कार्यक्रम पर्यटकीय स्थल देउराली डाँडाबाट लामा गाउँको सुजना प्राबि स्कूलसम्म सरसफाइ गरिएको थियो। यसैगरी उक्त क्षेत्रमा बजारका मासु व्यवसायीहरुले मरेको कुखुरा, भुत्ला गाढेर वातावरण प्रदुषण गरेको भन्दै त्यसलाई रोक्नका लागि जरिवानाको व्यवस्था गरिएको संस्थाकी अध्यक्ष दुर्गा थापाले बताइन।

बैंक ब्यालेन्स
बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
सम्पर्क
९८२६१-०६६०२

## शिक्षक आवश्यकता

जिल्ला शिक्षा कार्यालय कास्कीको मिति २०७३/०१/१६, प.सं. २०७२/०७३, च.नं. २१९५ को पत्र र श्री सिद्धवराह उच्च मा.वि. चापाकोट-७, कास्कीको विद्यालय व्यवस्थापन समितिको २०७३/०१/२४ गतेको निर्णय बमोजिम उच्च मा.वि. तहमा अनुदान कोटामा तिन्न विषयका शिक्षकहरु आवश्यकता परेको हुँदा योग्य उम्मेदवारहरुबाट आवश्यक कागजातसहित तोकिएको समयभित्र दर्खास्त दिनुहुन यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

तह: उच्च मा.वि.

विषय : अंग्रेजी, संख्या : एक (१)

विषय : लेखाशास्त्र संख्या : एक (१)

न्यूनतम् शैक्षिक योग्यता : सम्बन्धित विषयमा स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तीर्ण

उम्मेदवारको अन्य योग्यता : उच्च मा.वि. तह शिक्षक व्यवस्थापन निर्देशिका २०७१ (संशोधन सहित) बमोजिम हुनुपर्नेछ ।

दरखास्त दिने अन्तिम मिति : २०७३ जेठ ५ गते आइतबारसम्म

दरखास्त दिने स्थान : श्री सिद्धवराह उच्च मा.वि. चापाकोट-७, कास्की

दरखास्त दस्तुर: रु.१,५००।-(अक्षेरुपी एकहजार पाँच सय रुपैयाँ)

परीक्षाको प्रकार : लिखित, मौखिक र कक्षा अवलोकन

सम्पर्क मिति : २०७३ जेठ १० गते सोमबार

सम्पर्क : ०६१६२२१६० (कार्यालय समय)

चावी घर
सिद्धघर चौक, पोखरा फोन ०६१-५२०५८७
९८५६०२१७८७, ९८४६१२२३१
हामी कहाँ, हरेक प्रकारका तालाको चाबी, टुम्बिनबॉर, रेमोर्टर, होण्डा मर्सिल र अन्य स्कुटर तथै बिभिन्नको दराज, ट्रंक-पेटारा, साइकल, मोटरसाईकल, फोल्डवन, टेबल फ्यानहरु, म्युजिकल साउण्ड, मन्दर घण्टी, सेफ्टीटरि लक लगायत सम्पुर्ण सामानहरुको व्यवस्था गरिन्छ।

शिक्षक आवश्यकता
जिल्ला शिक्षा कार्यालय कास्कीको मिति २०७३/०१/१६, प.सं. २०७२/०७३, च.नं. २१९५ को पत्र र श्री सिद्धवराह उच्च मा.वि. चापाकोट-७, कास्कीको विद्यालय व्यवस्थापन समितिको २०७३/०१/२४ गतेको निर्णय बमोजिम उच्च मा.वि. तहमा अनुदान कोटामा तिन्न विषयका शिक्षकहरु आवश्यकता परेको हुँदा योग्य उम्मेदवारहरुबाट आवश्यक कागजातसहित तोकिएको समयभित्र दर्खास्त दिनुहुन यो सुचना प्रकाशित गरिएको छ।
तपसिल
तह: उच्च मा.वि.
विषय : अंग्रेजी, संख्या : एक (१)
विषय : लेखाशास्त्र संख्या : एक (१)
न्यूनतम् शैक्षिक योग्यता : सम्बन्धित विषयमा स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तीर्ण
उम्मेदवारको अन्य योग्यता : उच्च मा.वि. तह शिक्षक व्यवस्थापन निर्देशिका २०७१ (संशोधन सहित) बमोजिम हुनुपर्नेछ ।
दरखास्त दिने अन्तिम मिति : २०७३ जेठ ५ गते आइतबारसम्म
दरखास्त दिने स्थान : श्री सिद्धवराह उच्च मा.वि. चापाकोट-७, कास्की
दरखास्त दस्तुर: रु.१,५००।-(अक्षेरुपी एकहजार पाँच सय रुपैयाँ)
परीक्षाको प्रकार : लिखित, मौखिक र कक्षा अवलोकन
सम्पर्क मिति : २०७३ जेठ १० गते सोमबार
सम्पर्क : ०६१६२२१६० (कार्यालय समय)
चावी घर
सिद्धघर चौक, पोखरा फोन ०६१-५२०५८७
९८५६०२१७८७, ९८४६१२२३१
हामी कहाँ, हरेक प्रकारका तालाको चाबी, टुम्बिनबॉर, रेमोर्टर, होण्डा मर्सिल र अन्य स्कुटर तथै बिभिन्नको दराज, ट्रंक-पेटारा, साइकल, मोटरसाईकल, फोल्डवन, टेबल फ्यानहरु, म्युजिकल साउण्ड, मन्दर घण्टी, सेफ्टीटरि लक लगायत सम्पुर्ण सामानहरुको व्यवस्था गरिन्छ।

विदेश जानेहरुका लागि सुवर्ण अवसर
Macow, Abudabi मा Spark, Middle East, Star र Al Jaber Coin दुबई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्यूरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु.-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरु :-
तयारी कक्षा छनाछन बलिरहेको छ ।
०शतप्रतिशत उत्तीर्ण गराउन सफल ०आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराइने ।
०१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेस कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५२०५२, मो. ९८४६०-४१९२०

प्रो. वद्री के.सी. : ८४५६०२८४६
प्रो. गोपाल बहादुर कार्की : ८४५६०३१८७२
प्रो. राजेश के.सी. : ८४५६०३७३७७
इन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक छाहिएमा हामीलाई सम्पर्कहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

के तपाई F.M. मा काम गर्न चाहनुहुन्छ ?
अथवा कुनैपनि कार्यक्रममा हुबक भएर बोल्न चाहनुहुन्छ ?
वा आफ्नो बोल्ने कलाको विकास गर्न चाहनुहुन्छ ?
व्यक्तित्व तेतुल्य विकास गर्न चाहनुहुन्छ ?
कि तपाई बोलेर अरुलाई प्रभाव पार्न चाहनुहुन्छ ?
चाहनुहुन्छ भने हामीलाई सम्पर्कहोस् ।
नेपाल सरकारबाट मान्यता प्राप्त यस संस्थामा तालिम लिएका धेरै भन्दा धेरै जनाले थुपै F.M. मा काम गरिसकेका छन् ।
अब तपाईको व्यक्तित्व तेतुल्य विकास गरुवा र सक्षम एवं सफल सचारकर्मी बनाउन रेडियो प्रस्तोता उद्घोषण तथा पत्रकारिता तालिम दिईदै छ। आजै भर्ना भइ मौकाको फाइदा उठाउनुहोस्।
सीट सीमित छ।
प्रशिक्षकहरु : काठमाडौंका ख्याति प्राप्त संचारकर्मी नरेश भट्टराईका साथै पोखराका थुपै अनुभवी संचारकर्मीहरु ।
हाम्रा सेवाहरु
तालिम लिदा नृत्य/कम्प्युटर कोर्स फ्रिमिला
उत्कृष्ट रोजगारको अवसर
अनुभवी प्रशिक्षकहरुद्वारा तालिम गराइ
सक्षम बनाइने ।
कक्षा संचालन भइरहेको छ ।
RJ MC
क्रियटिभ ब्रोडकास्टिङ मिडिया प्लस
ब्यूरोह, (भाटभटेनी अगाडि), ४८४६०२४७५०, ४८१४५२४७५०
केही समयका लागि विशेष छुटको व्यवस्था छ ।

पोखरामा पहिलो पटक
तौलबृद्धि : तिघ्रको साइज, पावर बढाउन, हिप्स स्थलन रोक्न, बिल्स विल्धार हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, सुनाइ ऊसिलो बनाउन, पेटको घिरा हटाउन।
केश भर्ने रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन सप उमुत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल घटाउन (B.D.P) Body Builder घटाउन (More Slim)
शाही नदिई जाँड रक्सी धुरीट खैनी, गाँजा तथा कुरुस छुटाउने।
दाँड तथा जोर्नी दुखाई ठिक पार्ने, सस्तो सुधा पेवलिस।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) ब्यूरोह, पोखरा
061-539070, 9856035331, 9804122919

"रंगहरुको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल इम्पायराका साथै विपेकको समस्या साधान , वाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०१६४, मो. ९८४६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

अनेक समस्या सफल उपचार
ज्याडिक खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिलो डकार आउने जस्तो सुकै पुरानो ग्यास्ट्रिकको सफल उपचार ।
पेट समस्या: घिरु स्थलन, उतेज्रना नहुने, घिरु घिलाउने, स्थलन दोष जस्तो सुकै पेट समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिलामारी मडबढी, सेतोपानी बग्ने, योनी घिलाउने, तल्लो पेट दाह कम्मर दुखे, पेट तथा छातीमा भएको बेली पर्खा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाइट गर्ने, पेट आउनासमा कर्मी हुने जस्तो सुकै समस्याको आयुर्वेदीक पद्दतिबाट सफल उपचार ।
गाँठ रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता :- कालो पाथी पोरो, डुण्डिपुपोर, दाग धब्बा, मस्किया, कोरी, चाउचाँच हटाई पुरै आरिर मोरी बनाउने ।
दुईवटा चामती बोसिएपनि पुरि गहकी पोनी पाइ पाउनेछौ ।
थप उपचार :- प्रेसर, सुगर, जण्डिस, पिसास, याइना, हर्म साथै बाथ, दाह कम्मर, हाड जोर्नी पुरै जरिर हु:खाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
एभरेष्ट पोखरा इलेक्ट्रोनिक्सका भवन भित्र
फोन नं ०६१-५२१८६७, ०६-५२५१९१८, मो. ९८४६१३७४१८
फिर होम डेलिभरि

# पोखरा–४ मा कांग्रेसको शुभकामना कार्यक्रम

नेका पोखरा-४ ले आयोजना गरेको कार्यक्रमपछि नेता रमेश लेखकसंग सामूहिक तस्वीर खिचाउदै कांग्रेसका स्थानीय नेताहरु । तस्वीर : गोल्डेन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २५ वैशाख ।**

नेपाली कांग्रेस पोखरा उप-महानगरपालिका वडा नं. ४ समितिले नयाँवर्ष २०७३ को सन्दर्भमा आयोजना गरेको शुभकामना आदान-प्रदान तथा कार्यकर्ता भेटघाट कार्यक्रम सम्पन्न भयो । शनिवार आयोजित कार्यक्रममा चौध्दै नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सांसद रमेश लेखकले कांग्रेसको नेतृत्वमा मुलुकले नयाँ संविधान प्राप्त गरेकोले आफ्नो पार्टीलाई कमजोर नसम्झन कार्यकर्तालाई सुझाव दिए । उनले नयाँ संविधान ल्याएकै कारण मुलुकले महिला राष्ट्रपति समेत प्राप्त गरेको उल्लेख गर्दै राष्ट्रिय महत्वका विषयलाई कांग्रेसले उच्च प्राथमिकतामा राखेर काम गर्दै आएको स्पष्ट पारे ।

केपी ओली नेतृत्वको वर्तमान सरकारले भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्यायलाई फिर्ता बोलाएकोमा आपत्ति प्रकट गर्दै उनले कालोबजारी नियन्त्रण गर्न र भूकम्पपीडितका लागि राहत दिन वर्तमान सरकार पूर्ण असफल बनेको दावी गरे । यसै सन्दर्भमा उनले अब कांग्रेसका नेता कार्यकर्ताहरु समाजलाई सकारात्मक परिवर्तन गर्ने दिशामा क्रियाशिल बन्न आग्रह गरे ।

कार्यक्रममा नेपाली कांग्रेस कास्कीका सभापति कृष्ण केसी, सांसद शारदा पौडेल, नेताहरु शुकराज शर्मा, शोभितबहादुर श्रेष्ठ, देवराज चालिसे, राजेन्द्रनीधि कोइराला, रजनी केसी र राजेन्द्र बहादुर कोइराला लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

बढ्दा सभापति गोविन्द प्रसाद परांजुलीको सभापतित्वमा भएको कार्यक्रममा इकाइ उप-सभापति शंकर कोइरालले स्वागत र सचिव गायत्री पराजुलीले कार्यक्रम सचालन गरेकी थिइन ।

# 'द्वन्दकालमा भएका घटना बाहिर आउनुपर्छ'

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २५ वैशाख ।**

दस वर्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकार उल्लंघन सम्बन्धी गम्भीर प्रकृतिका घटनाको सत्यतथ्य बाहिर ल्याई द्वन्द्वपीडितहरु बीच शान्ति, मेलमिलाप र एकताका लागि कास्कीको कालिका गाविसमा शनिवार एक दिने सन्देश मूलक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । शान्ति समिति कालिका गाविसले आयोजना गरेको कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, नागरिक समाजका अगुवा, शान्ति समितिका पदाधिकारी, द्वन्द्वपीडित, सचारकर्मी, गाविसका सचिव तथा अन्य कर्मचारीहरुको सहभागिता रहेको थियो । घटनाको छलविन गर्न गठित सत्य निरुपण तथा मेलमिलाप आयोगले द्वन्द्वका क्रममा घटेका घटनाको उजुरी लिन सुरु गरेसंगै पीडितहरुले उजुरी दिन नछुटाउन भन्नका लागि यो कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा बोल्दै पूर्व सभापति तथा सांसद नवराज सुबेदीले द्वन्द्वकालमा भएका घटनाहरुको सत्यतथ्य बाहिर ल्याई दोषीलाई कानुनी कारवाहीको दायरामा ल्याउन आग्रह गरे । उनले द्वन्द्वकालमा भएका हत्या, अपहरण, यौनजन्य हिंसा, व्यक्तिगत तथा सार्वजनिक सम्पत्ति लुटपाट, घर जग्गाबाट निकाला, जस्ता मानवीय कानून विपरीतका अपराधसंग सम्बन्धित उजुरीहरु पीडकले सिधै वा आफन्तमार्फत आयोगको कार्यालय वा जिल्ला स्थित शान्ति समितिको कार्यालयमा दिन सक्ने छन् ।

कार्यक्रमको उद्घाटन गर्दै गाविस प्रमुखको जिम्मेवारी समेत सम्हालिक गाविस सचिव शोभाखर ढकालले तत्काविन नेकपा माओवादी र सरकार पक्षबाट भएका दुवैथरी पीडितहरुलाई एकैठाउमा राखेर गरिने अन्तरकिया तथा छलफलले समाजमा शान्ति, मेलमिलाप र एकताका लागि सहयोग पुग्ने विश्वास व्यक्त गरे । शान्ति समिति कालिका गाविसका संयोजक एवं नेकपा एमाले कालिका गाउं कमिटीका अध्यक्ष निर्मल दियाली सुनारले गाउमा भएका द्वन्द्व पीडितहरुको वास्तविक पहिचान गरी समस्याको समाधान खोज्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । एमाओवादी कालिका गाउं कमिटीका पूर्व अध्यक्ष एवं शान्ति समिति सदस्य राजेन्द्र प्रसाद घिपाठीले असका लागि सबैको सहयोगको खाचों अी्एएा । कार्यक्रममा कालिका गाउं विकास समितिका सह-सचिव माधव ढकाल, महिला अधिकार मञ्च कालिकाका अध्यक्ष डल्लुमाया पौडेलले शान्तिपूर्ण जीवनयापन गर्नका लागि द्वन्द्वका छातहरुलाई निराकरण गर्दै लैजानुपर्नमा जोड दिए ।

# लायन्सद्वारा अग्नीपीडितलाई जस्तापाता प्रदान

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २५ वैशाख ।**

अग्नीपीडितका लागि लायन्स क्लवरु, पोखरा उद्योग वाणिज्य संघ र रत्न इम्पोरियमले राहत वितरणका लागि सहयोग गरेको संयोजक खड्काले जानकारी दिए । 'सबैको साथ र सहयोगबाट राहत वितरण कार्यक्रम सफल भएको छ,' उनले भने,-'पीडितहरुकै घरमा पुगेर राहत वितरण गर्न पाउदा हामी निकै हर्षित छौं ।'

उक्त अवसरमा बोल्दै प्रमुख अतिथि लायन्सका पूर्व माष्टिपल काउन्सिल चेयर पर्सन प्रेमबहादुर श्रेष्ठले विपदको समयमा नेपालका लायन्स क्लवहरुले पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताए । लायन्स क्लव इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ वी १ नेपालका पैसारथी मोहनबाबु खड्काले जानकारी दिए । डिष्ट्रिक्ट ३२५ वि १, नेपालका लायन्स क्लवहरु लगायतले राहत वितरणका लागि सहयोग गरेको छ । मनकामना-७ लामडाँडा, स्याङजाका २० घर अग्नी पीडितलाई शनिवार एक कार्यक्रमका बीच जस्ता पाता वितरण गरिएको हो । १ लाख ५० हजार रुपैयां बराबरको २० वण्डल जस्ता पाता वितरण गरिएको कार्यक्रम संयोजक तथा लायन्स क्लव इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ वी १ नेपालका पैसारथी मोहनबाबु खड्काले जानकारी दिए । डिष्ट्रिक्ट

# प्रतिनिधि छनौट

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २५ वैशाख ।**

प्रेस चौतारी नेपालको आठौं अधिवेशनका लागि कास्कीबाट प्रतिनिधि छनोट भएका छन् । प्रतिनिधि छनोटको लागि शनिवार बसेको भेलाले कार्यसमितिलाई नै प्रतिनिधि छनोटको जिम्म दिएपछि कार्यसमितिले ११ जना प्रतिनिधि र ६ जना पर्यवेक्षक छनोट गरेको अध्यक्ष माधव बरालले बताए । प्रतिनिधिमा पुष्प पौडेल, नवराज सुवेदी, श्रीराम सिम्खेल, श्याम कुँवर, दिपेन्द्र श्रेष्ठ, एकराज गिरी, गोविन्द सुवेदी र रञ्जन अधिकारी, रहेका छन् । त्यसैगरी महिला प्रतिनिधित्वको मिसा गुरुङ, कृपा भण्डारी र जमुना वर्ष शर्मा रहेका छन् । पर्यवेक्षकतर्फ बविनोद पतिक, खेम सारु, राजु भण्डारी, इन्द्र पौडेल, ईश्वरी पौडेल र सुरेन्द्र पौडेल रहेका छन् । प्रेस चौतारी नेपालको आठौं अधिवेशन जेठ ६ गतेदेखि ८ गतेसम्म काठमाडौंमा हुने भएको छ ।

# रक्तदान सम्पन्न

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २५ वैशाख ।**

बुद्ध विशाल बजार व्यापारिक एशोसिएसन पोखराद्वारा आयोजित खुल्ला रक्तदान कार्यक्रम शनिवार सम्पन्न भएको छ । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दुकुमार थापाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । प्रमुख अतिथि थापाले संस्थाका कोषाध्यक्ष बुद्धिबहादुर कुँवरलाई रक्त दान गरी हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरेका थिए । उक्त अवसरमा ६९ जनाले रक्तदान गरेका छन् । स्वागत मन्तव्य संस्थाका प्रथम उपाध्यक्ष शिव शमलेले गरेका थिए भने सञ्चालन महासचिव केशवबहादुर खत्रीले गरेका थिए । अध्यक्ष पदिपकुमार मुस्लीको अध्यक्षतामा भएको हो ।

# सडक कालोपत्रे

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २५ वैशाख ।**

पोखरा उप-महानगरपालिका-१६, बाटुलेचौरमा स्थानीय र नगरपालिकाको सहयोगमा सडक कालो पत्रे गरिएको छ । ९ सय ६० मिटर लम्बाइ सडक कालोपत्रे गर्न उपभोक्ताले १ लाख ५३ हजार रुपैयां संकलन गरेका थिए । अपुग रकम नगरपालिकाले दिएको थियो ।

सडक कालोपत्रे गर्न ५ लाख ११ हजार रुपैयां खर्च लागेको समिति अध्यक्ष कमलादेवी तिमिल्सैनाले बताए । बाटो कालोपत्रे भएपछि उक्त क्षेत्रमा आउजाउ गर्न सहज भएको छ । वर्षामा हिलाम्य हुने सडक कालोपत्रेपछि सहज भएको उनले बताए ।

# असहाय तथा अनाथ बालबालिका औषधि प्रदान

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २५ वैशाख ।**

नगरस्तरीय बाल संरक्षण समिति अन्तर्गत रहेका १३ जना असहाय तथा अनाथ बालबालिका लाई शनिवार निःशुल्क औषधि वितरण तथा स्वास्थ्य परीक्षण गरिएको छ । नेपाल औषधि व्यवसायी संघ गण्डकी अञ्चल शाखाको आयोजनामा कार्यक्रम भएको हो । संस्थाका अध्यक्ष यमनाथ पौडेलको अध्यक्षतामा आयोजित कार्यक्रममा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा कार्यरत मेडिकल अफिसर डा. ढाकाकुमार श्रेष्ठले बालबालिकाको स्वास्थ्य परीक्षण गरेका थिए ।

कार्यक्रममा स्वास्थ्यकर्मीहरु रामबहादुर केसी, लक्ष्मीप्रसाद परांजुली, कृष्णप्रसाद पाण्डे लगायतले प्राविधिक सहयोग गरेका थिए । कार्यक्रममा स्वागत मन्तव्य राख्दै नगरस्तरीय बाल संरक्षण समितिका अध्यक्ष रुद्रबहादुर बोहोरा अधिकारी र अनाथ बालबालिकाहरुलाई निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण गरी सहयोग गरेकामा औषधी व्यवसायी संघलाई धन्यवाद ज्ञापन गरे । कार्यक्रम निरन्तर रुपमा सञ्चालन गर्न उनले अनुरोध गरेका छन् । कार्यक्रमको सञ्चालक संघमा महासचिव रामबहादुर रावडै नगरस्तरीय बाल संरक्षण समितिका अध्यक्ष रुद्रबहादुर बोहोरा अधिकारी र अनाथ बालबालिकाहरुलाई निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण गरी सहयोग गरेकामा औषधी व्यवसायी संघलाई धन्यवाद ज्ञापन गरे । कार्यक्रम निरन्तर रुपमा प्रतिबद्धता व्यक्त गरे ।

# दुर्घटनामा २ घाइते

**पोखरा २५ वैशाख ।**

पोखराको हल्लनचोकमा शनिवार दिउसो भएको दुर्घटनामा २ जना घाइते भएका छन् । ग १ ज ३३२२ नम्बरको ट्रयाक्सी र ग ९ प ८००७ नम्बरको स्कुटर एक आपसमा ठक्कर खाँदा स्कुटर चालक पोखरा १० बुद्धचोक बस्ने करीब २० वर्षिय रोशनी गुरुङ र पृथ्वीभुवीका रञ्जीत गुरुङ घाइते भएको पहरीले जनाएको छ । घाइते मध्ये चालक रोशनी गुरुङको अवस्था गम्भिर रहेको छ भने रञ्जीतको अवस्था सामान्य रहेको पहरीले जनाएको छ ।

# पोखराको...

*जथाभावी रोक्ने प्रवृतिको अन्त्य गर्न सुझाव दिए ।*

*उनीहरुले ट्राफिक प्रहरी र उनीहरुको सहयोगीका रुपमा खटिने अन्य प्रहरीलाई प्रशिक्षणको खाँचो समेत औल्याए । ट्राफिक प्रहरी निरीक्षक अधिकारीले सबैको सल्लाह र सुझावको आधारमा ट्राफिक व्यवस्थापनमा सुधार ल्याउने प्रतिबद्धता जनाएका छन् ।*

*कार्यक्रममा प्रहरी नायब निरीक्षक शिवबहादुर थापा र राजकुमार केसी पनि सहभागी थिए ।*

*यसैबीच परिमार्जित यातायात व्यवस्था ऐन २०४९ को दफा १६२ आगामी जेठ १ गतेदेखि लागू हुने भएको छ । नयाँ प्रावधान अनुसार नियम मिच्ने चालकसँग अशुल गर्ने जरिवानाको मात्रामा भारी वृद्धि भएको छ । सवारी अनुशासन पालना नगर्ने प्रवृत्ति निरुत्साहित गर्न सरकारले लेन अनुशासन उल्लंघन गर्ने, जथाभावी पार्किङ गर्ने, 'हिट एण्ड रन' मा संलग्न, क्षमताभन्दा बढी यात्रु तथा मालसामान राख्ने लगायतसँग न्यूनतम ५०० देखि १ हजार ५०० रुपैयासम्म अशुल गर्ने अधिकार ट्राफिक प्रहरीलाई प्रदान गरेको छ ।*

*जिल्ला ट्राफिक प्रमुख प्रहरी निरीक्षक विश्वराज अधिकारीले नयाँ नियम जेठ १ देखि लागू गर्न पत्र प्राप्त भएको बताए । ट्राफिक प्रहरीले यसअघि २५ रुपैयादेखि २०० रुपैयासम्म अशुल गर्दै आएको थियो ।*

# नीति तथा कार्यक्रम आज आउँदै

**काठमाडौं २५ वैशाख ।**

राष्ट्रपति विद्यादेवी भण्डारीले भोलि व्यवस्थापिका-संसद्मा सरकारको नीति तथा कार्यक्रमाथि प्रस्तुत गरी सम्बोधन गर्ने भएकी छन् । राष्ट्रपति भण्डारीले आइतबार अपराह्न ४ बजे सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरी सम्बोधन गर्ने कार्यक्रम रहेको संसद सचिवालयले जनाएको छ । नेकपा एमाले का अध्यक्ष केपी शर्मा ओली बिस २०७२ असोज २४ गते प्रधानमन्त्री पदमा निर्वाचित भएको सात महिनापछि सरकारको नीति तथा कार्यक्रम आउन लागेको हो ।

राष्ट्रपति भण्डारीले पहिलो पटक सरकारको नीति तथा कार्यक्रमलाई प्रस्तुत गरी सम्बोधन गर्न लागेकी हुन् । व्यवस्थापिका-संसद्बाट गत कात्तिकको पहिलो साता राष्ट्रपतिमा भण्डारी निर्वाचित भएकी थिइन । नीति तथा कार्यक्रममा अहिलेको सान्दर्भिक महत्वका विषय समावेश हुने उपप्रधानमन्त्री तथा रक्षामन्त्री भीम रावलले जानकारी दिए ।

उनले संविधान कार्यान्वयन, स्थानीय निकायको निर्वाचनको तयारी, विगाबारीमा भूकम्पले पुऱ्याएको भौतिक क्षतिको पुनःनिर्माण, भूकम्पपीडित जनतालाई राहत, सामाजिक सुरक्षाजस्ता महत्वपूर्ण विषय नीति तथा कार्यक्रममा समावेश हुने बताए ।

उपप्रधानमन्त्री रावलले आर्थिक समृद्धि, ऊर्जा विकास, पर्यटन प्रवर्द्धन, कृषिको व्यवसायिकरण, स्वास्थ्य सेवा सुदृढीकरण, भौतिक पूर्वाधार विकास, शान्ति सुरक्षा, कूटनीतिक सम्बन्ध सुदृढीकरण जस्ता विषयलाई पनि नीति तथा कार्यक्रममा समावेश हुने जानकारी दिए। सरकारको नीति तथा कार्यक्रममाथि शुक्रबार बसेको मन्त्रिपरिषदको बैठकले अनुमोदन गरेको थियो । रासस

**गोल्डेन न्यूज राष्ट्रिय दैनिक नयाँ अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न**
Log on :
www.goldennews.com.np

# लोकप्रिय १० खर्वको बजेट ल्याउँदै सरकार

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं २५ वैशाख ।**

बजेट भाषणमार्फ नै ढल्नबाट जोगिएकी सरकारले केपी ओली नेतृत्वको सरकारले बजेटको आकार बढाउने भएको छ । विभिन्न मन्त्रालय तथा निकायहरुबाट तोकिएको सिलिङभन्दा भन्दै दोब्बर बजेट माग भएपछि सरकारले बजेटको आकार बढाएर र लोकप्रिय कार्यक्रमहरु घोषणा गर्ने तयारी गरेको हो । सरकार कहिले डल्ढ भन्ने टुंगो नभएपछि अर्थमन्त्री विष्णु पौडेल र राष्ट्रिय योजना आयोगका उपाध्यक्ष युवराज खतिवडाले बजेटको आकार बढाएर लोकोपय कार्यक्रमहरु घोषणा गर्नुपर्नमा प्रधानमन्त्री ओलीलाई कन्भिन्स गरिसकेका छन् ।

०५१ को ९ महिने शासनकालमा तत्कालीन अर्थमन्त्री भरतमोहन अधिकारीले न्यापको वितरणमुखी लोकप्रिय बजेटको राजनीतिक व्याज खाइरहेको एमालेले फेरि यस्तै वितरणमुखी र लोकप्रिय बजेट ल्याउन लागेको हो । प्रधानमन्त्री ओलीले एमाओवादी अध्यक्ष प्रचन्डसँग यसै सरकारलाई बजेट ल्याउन दिन आग्रह गर्दै बजेटपछि आफैले प्रचण्डलाई प्रधानमन्त्री बनाउन प्रस्ताव गर्ने प्रतिवद्धतासमेत व्यक्त गरिसकेका छन् । जकारण आफ्नै नेतृत्वमा सहमतिको सरकार निर्माण गर्ने निर्णय समेत गरिसकको एमाओवादीले तत्काल यही सरकारको निरन्तरता दिन सहमत भएको छ । सरकारले बजेटमार्फत सरकारी कर्मचारीहरूको तलब बढाउने, बेरोजगार युवाहरूलाई विषेश सम्बोधन गर्ने, सामाजिक सुरक्षामा सरकारी खर्च बढाउने, स्वदेशी पुँजीमै ठूला आयोजनाहरूको निर्माणको घोषणा गर्ने तथा अन्य आकर्षक कार्यक्रमहरू तयार भइरहेको बजेट निर्माणका संलग्न कर्मचारीहरू बताउँछन् ।

आन्तरिक छलफलमा अर्थमन्त्री र योजना आयोगका उपाध्यक्षले बजेटको आकार १० खर्वसम्म पुर्‍याउन सकिने बताउँदै आएको योजना आयोग र अर्थ मन्त्रालयका उच्च अधिकारीहरुको भनाई छ । जुन, योजना आयोगले दिएको सिलिङभन्दा ९९ अर्ब रूपैयाले बढी हो । आयोगले आर्थिक वर्ष २०७२/०७३ का लागि ९ खर्ब ९ अर्ब रुपैयां बराबरको बजेट तयार गर्न अर्थ मन्त्रालयलाई सिलिङ दिएको थियो । तर, विभिन्न मन्त्रालय तथा निकायहरुले १५ खर्ब रुपैयां बराबरको बजेट माग गर्दै योजना आयोगमा योजना पेश गरेका छन् । योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा वित्तीय स्रोत परिचालन कमिटी गठन भएको छ । उनले प्रधानमन्त्री र अर्थमन्त्रीलाई बजेटकाको आकार बढाउँदा आवश्यक पर्ने स्रोतको व्यवस्थापन गर्ने बताइसकेका छन् । बजेटको मुख्य स्रोत राजस्व, वैदेशिक सहायता र आन्तरिक ऋण रहेको छ । बजेटको आकार बढाउँदा करको दायरा र दर दुवै बढाउनुपर्ने हुन्छ । 'सरकारको आयु कहिलेसम्म छ भन्ने टुंगो नभएपनि सरकारले दीर्घकालीन महत्वका क्षेत्री कार्यक्रमहरु तयार गरिरहेको छ,' अर्थ मन्त्रालय स्रोतले भन्यो- 'कार्यक्रम घोषणा गरिदिए पुग्छ, कार्यान्वयन पछ त कस्ले हेर्छ र ?

# जिल्ला अस्पतालमा सुकेरीको उपचारमा समस्या

**बाग्लुङ २५ वैशाख ।**

गए राति शिशु जन्माएकी दुदिलाभाटी-५ कि ३६ वर्षीया मेनुका नेपालीको साल अड्डाकिपर्छि उपचारमा समस्या भाएको छ । परिवारको सहरागविरीन नेपालीको उपचारमा अर्थ अभाव भएको हो । हटिया स्वास्थ्यचौकीमा शिशु जन्मेलगत्तै लगातार रक्तस्राव भएपछि थप उपचारका लागि उनलाई अहिले सदरमुकाम ल्याइएको छ । हाल नरेठाटीमा अकैंको घरमा मजदरी गरेर जीविका चलाउँदै आएकी नेपालीलाई छिर्केकमा बस्ने महिलाले सदरमुकाम ल्याएका छन् । आधा साल अड्केको र रक्तस्राव पनि नरोकिएपछि थप उपचारका लागि सदरमुकाम ल्याइएको स्थानीयवासी अनिशा कुँवरले बताए । धवलागिरि अञ्चल अस्पतालले जटिल उपचार गर्नुपर्ने भएकाले पोखरा लैजान सुझाव दिए पनि अर्थ अभावका कारण लैजान नसकिएको उहाँले बताउनुभयो । धवलागिरि अञ्चल अस्पतालका चिकित्सक सौम्यता मानन्धरले आधाभन्दा बढी साल भित्रै अड्डकेकाले चिकित्सक गरेर निकालपर्ने बताए । उनले अञ्चल अस्पतालमा तत्काल उपचार सम्भव नभएपछि पोखरा सिफारिस गर्नुपरेको प्रतिक्रिया दिए ।

'रक्तस्राव त केही नियन्त्रणमा छ, साल पूरै निक्केको छैन, हामीले कोसिस गर्‍यौं तर सम्भव भएन' चिकित्सक मानन्धरले भन्नुभयो । दक्ष चिकित्सक, उपकरण र सहयोगी समेत नहुंदा अञ्चल अस्पतालमा नेपालीको उपचार हुन नसकेको हो । विगामी दिएर आएका छिमेकीले पोखरा लान नसकेपछि नेपालीलाई सदरमुकामस्थित नेपाल अञ्चल अस्पतालले जटिल उपचार गराइरहेको छन् । "अञ्चल अस्पतालबाट पोखरा जान भनिएको थियो, तर पोखरा जाने उपाय भएन," अकैं छिमेकी रत्ना भण्डारीले भनिन् ।अहिले यहाँ रहेको अकैं अस्पताल निर्वाणिरा उपचार गराइरहेका छौं ।' उनले विगामीसँग एक रुपैयां पनि पैसा नभएको र उपचारमा कठिनाइ उत्पन्न भएको बताइन । भण्डारीको प्रयासमा सदरमुकाममा रहेका केही सइघसंस्था र व्यक्तिसंग अनुरोध गरेर रु पांच हजार सङ्कलन भएको छ । "विगामीको परिवार, आफन्त कोही छैनन्, बेसहारा महिलाको जीवन रक्षाको लागि सबैलाई सहयोग गर्न आग्रह गर्दछौं" भण्डारीले भनिन् ।

पोखरा लैजानका लागि धवलागिरि अञ्चल अस्पतालले २ चार हजार सहयोग गरे पनि थप उपचारका लागि रकम नभएको उनको भनाइ छ । रासस

**के तपाईंमा यौनसम्बन्धी समस्या छ ?**

**पुरुषमा देखिने** : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सस्त्रा यौन रोग, स्वप्नदोष ।

**महिलाहरुमा देखिने** : स्तन सानो भिलो हुने, सेतो पानी बन्ने, महिलाको यौनाङ्ग धिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गडबडी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, इण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवीका साथै अन्य घरेलोहरु ।

**महिला वा पुरुषमा हुने (ब्रोन्कोपेना) नि सन्तानको सफल उपचार**

**मलद्वार सम्बन्धी रोग** : पायल, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुःखे, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

**बिरामी जोध्ने समय : बिहान ९:०० बजेदेखि बेलुकी ४:०० बजेसम्म**

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एफ्रेडीमी ठीक अगाडि
फोन: ०६१-५३८१४४, ९८४६०४९३३१, ९८०४५७२५३१
**नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।**

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक अनाधार पराजुली, निर्देशक हरिनिणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिल्नेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिल्नेढुंगा, पोखरा